सधैं मागेर निर्वाह हुँदैन: पाकिस्तानी सेना प्रमुख | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७४ • २०८० साल साउन १७ गते बुधबार (2 August, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# उद्धव थापा नै बने कोशीका मुख्यमन्त्री

विगतमा थापाले असंवैधानिक बाटो प्रयोग गर्दै सभामुखको हस्ताक्षर प्रयोग गरेर मुख्यमन्त्री बनेका थिए । यसपटक नियुक्तिमा वैधानिकताको समस्या नभए पनि अबको ३० दिनभित्र विश्वासको मत पाउने सम्भावना भने जटिल छ । यदि उनले विश्वासको मत नपाए फेरि एक महिनापछि थापाको बहिर्गमन हुने जोखिम छ । प्रदेश सरकारको भविष्य भने अन्योल नै छ ।

**टुडे समाचारदाता**

विराटनगर । कांग्रेसका कोशी प्रदेश सभापतिसमेत रहेका उद्धव थापा एक महिनाको बीचमै दोश्रो पटक कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

कांग्रेसबाट दोस्रो पटक, कोशी प्रदेशको छैटौं र प्रदेशसभाको दोस्रो कार्यकालको तेस्रो मुख्यमन्त्रीको रुपमा थापा नियुक्त भएका छन् ।

यसअघि एमालेबाट पहिलो पटक शेरधन राई, दोस्रो पटक भीम आचार्य, तेस्रो पटक एमालेबाट विभाजित बनेको नेकपा (एकीकृत समाजवादी)का राजेन्द्रकुमार राई, चौथोपटक एमालेका हिकमतकुमार कार्की, पाँचौं पटक थापा आफैं मुख्यमन्त्री बनेका थिए ।

केन्द्रीय सत्ता बाँडफाँटमा देखिएको अस्थिरताको कारण प्रदेशसभाको दोस्रो कार्यकालमै तेस्रो मुख्यमन्त्री बनेका थापा प्रदेशको छैटौं मुख्यमन्त्री बनेका छन् ।

थापाको पहिलो कार्यकाल २२ दिनको मात्रै रह्यो । उनले विश्वासको मत लिने समय (३०) दिन कटाउन पनि पाएनन् । अघिल्लो पटक मुख्यमन्त्रीमा नियुक्त भएका थापाले सभामुखको भूमिकामा रहेका बाबुराम गौतमको छुट्टै समर्थनको हस्ताक्षर लिएर प्रदेश प्रमुखसमक्ष दाबी प्रस्तुत गरेका थिए । सोही आधारमा नियुक्ति भएका उनको नियुक्ति प्रक्रिया रद्द गर्नुपर्ने माग गर्दै एमाले संसदीय दलका नेता हिकमतकुमार कार्कीले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका थिए । सोही मुद्दामा अन्तिम आदेश दिँदै सर्वोच्चले थापाको मुख्यमन्त्री नियुक्ति खारेज गरेको थियो ।

दोस्रो पटकमा भने कांग्रेस नेता थापाले सभामुख बाबुराम गौतमलाई राजीनामा गराउँदै ४७ सांसदको दाबी प्रस्तुत गरेका छन् ।

थापाले कांग्रेसका २९, माओवादी केन्द्रको १३, नेकपा (एकीकृत समाजवादी)को ४ र जसपाको १ सांसद सहित ४७ सांसदको समर्थन पाएका छन् । प्रदेशसभामा ९३ सांसद रहेका छन् । जसको बहुमतसंख्या ४७ हो ।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख खापुङले उनलाई मुख्यमन्त्री पदमा नियुक्त गरेका छन् ।

प्रदेश प्रमुख खापुङले नवनियुक्त मुख्यमन्त्री थापालाई बधाइ तथा शुभकामना पनि दिएका छन् भने बुधबार साढे १० बजे मुख्यमन्त्रीले शपथ लिने कार्यक्रम तय भएको जनाइएको छ ।

सभामुख बाबुराम गौतमले राजीनामा दिएपछि सरकार निर्माणका लागि आवश्यक सांसद संख्या पुग्दा कोशी प्रदेशको मुख्यमन्त्रीमा उद्धव थापा दोस्रोपटक नियुक्त भए पनि विश्वासको मत पाउने सुनिश्चितता देखिएको छैन् ।



कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ्गले मङ्गलबार कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा नियुक्त्त भएको पत्र प्रदान गर्दै । *तस्बिर : टुडे*

हुनत यसपटक उनको नियुक्तिमा मुख्यमन्त्री हुनका लागि आवश्यक ४७ सांसदको समर्थन वैधानिकरुपमा नै प्राप्त भएको छ । विगतमा थापाले असंवैधानिक बाटो प्रयोग गर्दै सभामुखको हस्ताक्षर प्रयोग गरेर मुख्यमन्त्री बनेका थिए । यसपटक नियुक्तिमा वैधानिकताको समस्या नभए पनि अबको ३० दिनभित्र विश्वासको मत पाउने सम्भावना भने जटिल छ । यदि उनले विश्वासको मत नपाए फेरि एक महिनापछि थापाको बहिर्गमन हुने जोखिम छ । प्रदेश सरकारको भविष्य भने अन्योल नै छ ।

मुख्यमन्त्री थापाले संविधानबमोजिम विश्वासको मत पाउने कुनै निश्चित छैन । कोशी प्रदेशसभा ९३ सदस्यीय छ । सरकार गठन र सञ्चालनका लागि साधारण बहुमत पुऱ्याउन ४७ सदस्यको समर्थन आवश्यक पर्छ । मुख्यमन्त्री थापाले मंगलबार कांग्रेसका २९, माओवादी केन्द्रका १३, नेकपा एकीकृत समाजवादीका ४ र जनता समाजवादी पार्टीका १ गरी ४७ सांसदको समर्थनमा मंगलबार प्रदेशको मुख्यमन्त्रीमा थापा दोश्रो पटक नियुक्त भएका छन् ।

संविधानको धारा १६८ (४) बमोजिम मुख्यमन्त्री थापाले अब ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्छ । तर त्यसअघि हुन सक्ने सम्भावित राजनीतिक घटनाक्रमले प्रदेश सरकारको भविष्यमाथि प्रश्न चिन्ह खडा भएको छ ।

प्रदेश सरकार सञ्चालनका विषयमा सत्ता गठबन्धन दलभित्रै खटपट छ । यसअघि सभामुखलाई राजीनामा गराउने वा नगराउने भन्ने विषयमै नेकपा माओवादी केन्द्रभित्र विवाद भएको थियो । सभामुखले राजीनामा दिइसकेपछि अब प्रदेश सभा सञ्चालन उपसभामुख सिर्जना दनुवारको जिम्मामा पुगेको छ । दनुवार नेकपा एमालेबाट उपसभामुख भएकी छन् । मुख्यमन्त्रीले विश्वासको मत लिनुभन्दा अगावै उपसभामुख दनुवारले पनि राजीनामा दिएर प्रदेशसभा सञ्चालनमा असहजता उत्पन्न भए मुख्यमन्त्री थापालाई विश्वासको मत पाउन कठिन हुन सक्ने नेताहरू बताउँछन् ।

यता, कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री उद्धव थापाले वर्तमान सरकारलाई बहुमत सदस्यको समर्थन रहेकाले विश्वासको मत प्राप्त हुने बताएका छन् ।

प्रदेश प्रमुख पर्शुराम खापुंगबाट मुख्यमन्त्रीको नियुक्ति पत्र प्राप्त भएपछि मंगलबार साँझ सञ्चारकर्मीसँग कुरा गर्दै उनले सदनमा विश्वासको मतका लागि कुनै समस्या नहुने बताए । मुख्यमन्त्री थापाले विश्वासको मतका लागि कुनै शङ्का उपशङ्का नगर्न आग्रहसमेत गरे ।

उनले सभामुखले राजीनामा दिएपछि प्रदेशसभा उपसभामुखले सञ्चालन गर्ने भएकाले बहुमत सदस्यको समर्थन आफूलाई रहेको प्रष्ट पारे । उनले वर्तमान गठबन्धन सरकार चार वर्ष सञ्चालन हुनेमा ढुक्क रहन र जनताको समृद्धिमा सरकारले कार्य गर्ने विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री थापाले प्रदेशमा राजनीतिक गणितका कारण अस्थिरता रहेको चर्चा गर्दै मुख्य चुनौती भनेको दलभित्र बहुमत नरहनु नै समस्या रहेको विचार राखे । उनले भने-'प्रदेशमा नौ जना मन्त्री नियुक्त गर्ने जानकारी दिँदै मन्त्रीमा नयाँ र पुराना अनुहार रहने छन् ।'

## 'मलाई लघुताभास भएको छैन्' : गौतम

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका पूर्वसभामुख बाबुराम गौतमले प्रदेशमा सरकारविहीनताको अवस्था अन्त्य गर्नका लागि आफूले राजीनामा दिएको स्पष्ट पारेका छन् ।

गौतमले मंगलबार राजीनामा दिएसँगै नेपाली कांग्रेसका नेता उद्धव थापाले मुख्यमन्त्री पदमा दाबी पेश गर्दै सो पदमा नियुक्तसमेत भइसकेका छन् ।

गौतमले भने,'विद्यमान रहेको, सरकार विनाको प्रदेश रहन सक्दैन, यस्तो अवस्थामा म जस्तो जिम्मेवार व्यक्तिले पदलाई मात्रै समाएर देश र प्रदेश प्रतिको आफ्नो दायित्व पूरा गर्न नसकिने अवस्थालाई हृदयङ्गम गरी म सभामुख पदबाट राजीनामा गर्ने मनस्थितिमा पुगी आफ्नै खुसीले स्वतन्त्र रहेर राजीनामा गरेको छु ।'

यसअघि पनि प्रदेश सरकारको गठन प्रक्रियामा प्रदेशमा सरकारविहीनताको परिस्थिति नहोस् भन्ने असल मनसायले आफ्नो समेत हस्ताक्षरमा सरकार गठन भएको उनको स्पष्टोक्ति छ । 'सर्वोच्च अदालतमा चुनौती भइ संविधानमा स्पष्ट हुन नसकेको विषय अदालतबाट स्पष्ट भइ सरकार गठन प्रक्रियामा सभामुख सामेल हुन नहुने सम्मानित सर्वोच्च अदालतबाट व्याख्या भएको कुरालाई मैले स्वीकार गर्दै यो विषयमा मैले विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जालमा अन्यथा व्यहोर्नु परेतापनि भविष्यमा सबैलाई मार्गदर्शन हुने कुरा सम्मानित अदालतबाट व्याख्या हुन सकेकोले मलाई खुसी लागेको छ, यसमा मलाई लघुताभास भएको छैन,' उनले भनेका छन् ।

सभामुख पदबाट राजीनामा गरिसकेपछि आफ्नो मातृ राजनीतिक दल नेकपा (माओवादी केन्द्र)सँग आबद्ध भएको बताउँदै अब उक्त दलसँग सम्बन्धित कोशी प्रदेश सभा सदस्यको रूपमा आफूलाई उभ्याएको गौतमले जनाएका छन् ।

# विद्यार्थी भविष्यको कर्णाधार : अध्यक्ष यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले विद्यार्थी भविष्यको कर्णाधार रहेको बताएका छन् ।

मधेशका युवाहरुमा सही शिक्षाको आवश्यकता रहेको भन्दै मधेशको शिक्षा कमजोर बनाउन राज्य पक्ष सधैं लागि परेको आरोप लगाएका छन् ।

जनकपुरधाममा मंगलबार २०७९ को एसइइ परीक्षामा उत्तीर्ण मधेशका २२ जिल्लाका करीब १ सय ५० मुसहर छात्र छात्राको सम्मानमा आयोजित कार्यक्रममा अध्यक्ष यादवले मधेशको शिक्षा मुलुक भरमा उत्कृष्ट हुनुपर्नेमा जोड दिए । सो अवसरमा अध्यक्ष यादवले मुसहर समुदायबाट विभिन्न विद्यामा अध्ययनरत विद्यार्थीलाई प्रमाण पत्र वितरण गरी सम्मान गरेका थिए ।

सम्मान कार्यक्रममा उपराष्ट्रपति राम सहाय प्रसाद यादव, मधेश प्रदेशका अर्थमन्त्री एवं मधेश सरकारका प्रवक्ता संजय कुमार यादव, राष्ट्रिय सभाका पूर्व सदस्य रामपृत पासमान, प्रतिनिधि सभाका पूर्व सदस्य प्रमोद कुमार साह, सभासद राम आशिष यादव, मधेश प्रदेश सभा पूर्व सदस्य चमेली देवी दास, जनकपुरधाम उपहानगरपालिकाका पूर्व मेयर लाल किशोर साह, जलवायु तथा वातावरण विज्ञ चन्देश्वर सदा र चन्देश्वर महतोलगायतको उपस्थिति रहेको थियो ।

# नेपाली सामाजिक सद्भाव विश्वमै उत्कृष्ट : उपराष्ट्रपति यादव

**टुडे समाचारदाता**

जलेश्वर । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाली समाजको सहिष्णुता र आपसी सद्भाव विश्वमै उत्कृष्ट रहेको बताएका छन् । महोत्तरीको मटिहानीमा मंगलबार आयोजित नागरिक अभिनन्दन समारोहलाई सम्वोधन गर्दै उपराष्ट्रपति यादवले फरक-फरक जाति, धर्म र भाषा समुदायका नेपालीको आपसी मेल र एकअर्काप्रतिको सद्भाव विश्वमै उदाहरणीय रहेको बताए ।

'हमरासभक समाज सहिष्णु आ एकदोसरक आस्थाप्रति सद्भाव रखैत अछि', (हाम्रो समाज सहिष्णु र एकअर्काको आस्थाप्रति सद्भाव राख्दछ) मैथिलीमा सम्वोधन गरेका उपराष्ट्रपति यादवले भने-'दुनियाँक लेल यी हमर परिचय आ सिख सेहो अछि' (दुनियाँका लागि यो हाम्रो परिचय र सिक्ने सिकाउने कुरा पनि हो) । उनले हिन्दू परम्पराका सन्त तस्मैयाबाबा र इस्लाम परम्पराका सुफी सन्त पीरबाबाको परिकल्पना र मेहनतले आधुनिक मटिहानीको जग बसेको र हिन्दू/इस्लाम एकापसमा मिलेर बसेका दृष्टान्त पनि यहाँ (मटिहानीमा) देखिएको



उपराष्ट्रपति यादवले उल्लेख गरे ।

समारोहमा मटिहानी नगरबासीका तर्फबाट नगरप्रमुख हरिप्रसाद मण्डलले प्रदान गरेका अभिनन्दनपत्र ग्रहण गर्दै उपराष्ट्रपति यादवले मधेश प्रदेशका प्राचीन मिथिला क्षेत्रका धार्मिक महत्वका स्थललाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने सम्भावना रहेको बताए । तीनै तहका सरकारबीचको आपसी समन्वयबाट धार्मिक पर्यटन प्रवर्द्धनका काम अघि बढ्न सक्ने उनले बताए ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरिशङ्क मिश्र, मुख्यमन्त्री सरोजकुमार यादवसहित मन्त्रिपरिषद्का सदस्यको उपस्थिति रहेको समारोहमा उपराष्ट्रपति यादवले मधेशभरि नै पानी नपरेर खेतीपातीमात्र नभई खानेपानीकै हाहाकार पर्दै गएको समस्या सम्बोधन गर्न अनुरोध गरे । समारोहमा मुख्यमन्त्री सरोजकुमार यादवले अहिले मधेश प्रदेश सरकार सिँचाइ र खानेपानीको समुचित प्रबन्धसँगै पशुबस्तुमा बढ्दै गएको लम्पी स्किन रोगको पूर्वउपचार कार्यमा तदारुखतासाथ लागेको बताए ।

मटिहानीवासीले उपराष्ट्रपति यादवलाई नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन, मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको स्थापना गर्न र मधेश आन्दोलनलाई उत्कर्षमा पुर्‍याउन दिएको योगदानको कदर गर्दै नागरिक अभिनन्दन गरिएको अभिनन्दनपत्रमा उल्लेख छ ।

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा
TV TODAY Janakpur

# इजाजत नलिई नापतौल यन्त्र प्रयोग व्यापारीविरुद्ध मुद्दा दायर




वीरगन्ज । गुणस्तर तथा नापतौल कार्यालय वीरगन्ज पर्साले गत आर्थिक वर्ष २०७९/८० मा पर्सा, रौतहट र चितवनका १९ व्यापारीविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ।

कार्यालयले कम नापतौलमा सामान बिक्री गरेर उपभोक्तालाई ठगी गर्ने तथा इजाजत नलिई कारोबार गर्ने रौतहटका १३, चितवनका पाँच र पर्साका एक व्यापारीमाथि सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरिएको गुणस्तर तथा नापतौल कार्यालय वीरगन्जका सूचना अधिकारी सञ्जीवकुमार ठाकुरले जानकारी दिनुभयो।

उहाँले इजाजत नलिई नापतौल गर्ने यन्त्रको प्रयोग गर्ने रौतहटको पशुपति फेन्सी, माँ लक्ष्मी सुनचाँदी ज्वेलर्स, न्यू प्रिया ज्वेलर्स, रामबलराम ट्रेडर्स, रिसब ट्रेडर्स, बैजु किराना एन्ड जेनरल सटार्स, सरोज बिज भण्डार, कृष्णा राइस मिल, बाबा विश्वकर्मा राइस मिल, पप्पु हार्डवेयर एन्ड मेसिनरी, लक्ष्मी हार्डवेयर, रोशन हार्डवेयर स्टोर्स र जय बजरङ्गवली ट्रेडर्सविरुद्ध अदालतमा मुद्दा दायर गरिएको बताउनुभयो।

चितवनको खजुरीको नेपाल प्रालि, खुन्हा एक्सपोर्ट एन्ड इम्पोर्ट प्रालि, प्यासिफिक एक्जिम नेपाल प्रालि, याक ब्रिबिङ्ग कम्पनी प्रालि र याक डिब्टिलरी प्रालिमाथि पनि जिल्ला अदालत चितवनमा मुद्दा दायर गरिएको सूचना अधिकारी ठाकुरको भनाइ छ। यस्तै पर्साको जय वनहरबाबा कृषि सहकारी संस्थाविरुद्ध पनि मुद्दा दर्ता गरिएको जनाएको छ।

अनुगमनका क्रममा जाँच गर्दा इजाजत नलिई कारोबार गर्ने गरेको तथा कम तौलमा सामान बिक्री गर्ने गरेको पाइएपछि ती १९ व्यापारीविरुद्ध एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवानाको मागदाबीसहित अदालतमा मुद्दा दायर गरिएको उहाँको कथन छ।

यस्तै गतआव मा एक हजार चार सय ३६ व्यापारीमाथि कारबाही गरी जरिवाना तिराएको सो कार्यालयले जनाएको छ। सूचना अधिकारी ठाकुरका अनुसार सो आवमा एक हजार तीन सय २४ व्यापारीले नियमित जाँच/नवीकरण र एक हजार एक सय ६१ व्यापारीले जरिवाना तिरी नवीकरण तथा पाँच सय ६५ व्यापारीलाई अनुमति/इजाजतपत्र दिइएको छ।

ती सबै शीर्षकबाट गत आव मा रु एक करोड ४० लाख २३ हजार दुई सय ६९ राजस्व सङ्कलन भएको सूचना अधिकारी ठाकुरले जानकारी दिनुभयो। सो कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने मधेस प्रदेशको रौतहट, बारा, पर्सा र बागमती प्रदेशको मकवानपुर र चितवन जिल्लामा व्यापारीले गैरकानुनीरूपमा प्रयोग गर्ने ढक, तराजुलाई निरुत्साहित गर्न डोर (अनुगमन) गर्दै आएको छ। कुनै पनि नापतौल गर्ने यन्त्र प्रयोग गर्नुपूर्व खरिद गरेको ३५ दिनभित्र नजिकको गुणस्तर नापतौल कार्यालयबाट अनुमति लिइसक्नुपर्ने कानुनी व्यवस्था छ। रासस

मन्त्रिपरिषद् बैठक

# सङ्घीय शिक्षा विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृत

काठमाण्डु । सरकारले बहुप्रतिक्षीत सङ्घीय शिक्षा विधेयक सङ्घीय संसद्मा पेश गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को मंगलबारको बैठकले शिक्षा क्षेत्रको समग्र सुधारका लागि सो विधेयक संसद्मा पेश गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति प्रदान गरेको छ।

सङ्घीय प्रणालीअनुसार नै शिक्षा क्षेत्रलाई अगाडि बढाउने योजनाअनुसार सो विधेयक ल्याइएको सरकारको भनाइ छ। मन्त्रिपरिषद्को बैठकपछि सचारकमीसँग कुराकानी गर्नुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषद्को विधेयक समितिले आवश्यक छलफलपश्चात सो विधेयक अगाडि बढाउने निर्णय गरिएको जानकारी दिनुभयो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही दिनअघि एक सार्वजनिक कार्यक्रममा नै मङ्गलबार सो विधेयकबारे मन्त्रिरिषद्ले आवश्यक निर्णय गर्ने बताउनुभएको थियो। यस्तै, दिगो भूव्यवस्थापनमार्फत लखनदेही नदी बेसिनका जलाधारको पुनःरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने करिब रु २० करोड २२ लाख बराबरको सहायता स्वीकार गर्ने निर्णय भएको छ। लम्पी स्किन महामारीबाट प्रभावित किसानलाई राहत दिने विषयमा पनि बैठकमा विचारविमर्श भएको र आवश्यक प्रस्ताव तयार पारेर ल्याउन बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको छ। सोमबार मात्रै प्रधानमन्त्री प्रचण्डले कृषिमन्त्री डा वेदुराम भुसालसहित सरोकारवालाको छलफलमा महामारी प्रभावित किसानलाई राहत दिने बताउनुभएको थियो।

सोही छलफलका आधारमा लम्पी स्किन महामारीबाट पशु चौपाया मरेका किसानलाई राहत दिन लागिएको हो। यसैगरी सो रोग लागेका पशु चौपायालाई निःशुल्करुपमा खोप उपलब्ध गराउन आवश्यक प्रक्रियासमेत सुरु गरिने भएको छ। ठोस प्रस्ताव बनाएर अर्को बैठकमा पेश गर्न बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री शर्माले जानकारी दिनुभयो।

त्यस्तै, पशु चौपायाको बीमालगायतका विषयमा पनि महत्वपूर्ण छलफल भएको उहाँले बताउनुभयो। बैठकले विज्ञापन नियमन गर्ने पहिलो संशोधन नियमावली २०८० स्वीकृत गरेको छ।रासस

# सम्बन्धविच्छेदका मुद्दाको चाप अत्यधिक

झापा । झापा जिल्ला अदालतमा सम्बन्धविच्छेदका मुद्दाको चाप अत्यधिक रहेको छ। आर्थिक वर्ष २०७९/८० मा कूल छ हजार तीन सय २७ मुद्दा दर्ता भएका थिए। यसमा एक हजार सात सय सात सम्बन्धविच्छेदका मुद्दा थिए।

सम्बन्धविच्छेदका एक हजार तीन सय छ मुद्दा फर्स्यौट भएको जिल्ला अदालतका श्रेष्तेदार वीरेन्द्र बस्नेतले जानकारी दिनुभयो। सो अवधिमा नौ सय ६९ अंशबण्डाका मुद्दा दर्ता भएकामा पाँच सय २१ फछ्र्यौट भएका थिए। चार सय ४८ मुद्दा अर्को वर्षलाई सरेका छन्।

जिल्ला अदालतमा वर्षभरि दर्ता हुने मुद्दामध्ये आधा हाराहारीमा मात्रै फछ्र्यौट हुने गरेका श्रेष्तेदार बस्नेतले बताउनुभयो। आर्थिक वर्ष २०७८/८९ मा पनि आधी सङ्ख्यामा मात्र मुद्दा फछ्र्यौट भएका थिए। सो अवधिमा कूल छ हजार चार सय १९ मुद्दा विचाराधीन रहेकामध्ये तीन हजार आठ सय ५९ मुद्दा फछ्र्यौट भएका थिए। दुई हजार पाँच सय ६० मुद्दा अर्को वर्षका लागि सरेका थिए।

आव २०७९/८० मा लागु औषधसम्बन्धी कसुरमा तीन सय ७७ मुद्दा दर्ता भएकामा दुई सय २० फछ्र्यौट भएका थिए। यसैगरी, सम्पत्ति लेनदेनसम्बन्धी दुई सय ३६ मुद्दा परेकामा एक सय १२ फछ्र्यौट भएका श्रेष्तेदार बस्नेतले जानकारी दिनुभयो। यस्तै बलात्कार, चोरी र बहुविवाहसम्बन्धी कसुरमा अदालतमा धेरै मुद्दा पर्ने गरेको तथ्याङ्क छ। आव २०७९/८० मा बलात्कार (करणी) सम्बन्धी कसुरमा तीन सय तीन मुद्दा परेकामा एक सय ५७ फछ्र्यौट भएका थिए। अदालतको तथ्याङ्क अनुसार बलात्कारसम्बन्धी मुद्दामध्ये जबरजस्ती करणीका दुई सय २४ मुद्दा परेकामा एक सय १० फछ्र्यौट भएका छन्। चोरी तथा डाकासम्बन्धी कसुरमा दुई सय नौ मुद्दा परेकामा एक सय ४७ वटा फछ्र्यौट भएका जिल्ला अदालतले जनाएको छ। यसैगरी बहुविवाहका ५४ मुद्दा परेकामा ३० वटा फछ्र्यौट भएका थिए। रासस

# मन्त्री मोदीसँग भारतीय राजदूतको शिष्टाचार भेट

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गर्नुभएको छ।

सिंहदरबास्थित मन्त्रालयमा भएको भेटमा उहाँहरूबीच समसामयिक एवं द्विपक्षीय हितका विषयमा छलफल भएको मन्त्री मोदीका प्रेस संयोजक वुद्ध लोप्चनले जानकारी दिनुभयो।

भेटका क्रममा राजदूत श्रीवास्तवले स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न आवश्यक सहायता उपलब्ध गराउन भारत इच्छुक रहेको बताउनुभएको थियो।

मन्त्री मोदीले आवश्यक छलफल गरेर ती विषयलाई अगाडि बढाउने जवाफ दिनुभएको थियो।

त्यसैगरी भेटमा छिमेकी मित्रराष्ट्र भारतको सहायतामा सञ्चालित विभिन्न कार्यक्रमको प्रभावकारिताको समीक्षा, आगामी कार्यक्रमको कार्यान्वयनको सन्दर्भमा छलफल भएको थियो। रासस

# सिटिजन्स र रिसर्च सेन्टरबीच समझदारी




**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भरतपुर,चितवन स्थित होटल चितवन तथा बागबजार,काठमाण्डु स्थित डिकोड जेनोमिक्स एण्ड रिसर्च सेन्टरबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा उल्लेख छ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले होटल चितवनमा २५% र डिकोड जेनोमिक्स एण्ड रिसर्च सेन्टरमा २०% सम्मको छुट पाउने व्यवस्था गरिएको छ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वितहुनुकोसाथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ्गमाध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने जनाइएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४७ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग इकाइहरुबाट १६ लाखभन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# 'राष्ट्रिय विभूतिको स्मृति दिवस सरकारी स्तरबाट हुनुपर्छ'

काठमाण्डु । पूर्वमन्त्री विक्रमबहादुर थापाले अमर सिंहलगायतका राष्ट्रिय विभूतिको स्मृति दिवस सरकार ास्तरबाट हुनुपर्ने बताउनुभएको छ। राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानद्वारा आज आयोजित '२०७औं वीर अमर सिंह थापा स्मृति दिवस कार्यक्रम' मा उहाँले राष्ट्र निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका अमर सिंहलगायतका योद्धाको स्मृति दिवस सरकारस्तरबाट हुनुपर्ने बताउनुभएको हो।

'मुलुक एकीकरणमा योगदान पुऱ्याएका योद्धाको इतिहासलाई संरक्षण गर्न कुनै वर्ग, जात विशेष नभई सरकारीस्तरबाट नै बजेट छुट्याई स्मृति दिवस मनाउनुपर्छ', उहाँले भन्नुभयो। राष्ट्रिय विभूति राष्ट्रको चासो र सरोकारसँग जोडिएको विषय भएकाले राष्ट्रले अमरसिंहलगायतका विभूतिलाई चासो दिनुपर्नेमा उहाँको भनाइ छ।

कार्यक्रममा प्रा डा सुरेन्द्र केसीले पुर्खाले जोगाएको भूभागको सरकारले संरक्षण गर्न नसकेको बताउँदै राष्ट्र निर्माणमा वीर योद्धाले पुऱ्याएको योगदानको इतिहासलाई निगरानी गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

अर्का इतिहासविद् दिनेशराज पन्तले नेपाल एकीकरणलाई बृहत्रूपमा अघि बढाउन अमरसिंह थापाले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। डर, धम्की, प्रलोभनमा नपरी राष्ट्र एकीकरण गर्ने क्रममा पूर्वमा टिस्टा र पश्चिममा काङ्गडासम्म सीमा पुऱ्याउन गरेको महत्त्वपूर्ण प्रयास र योगदान गर्ने योद्धाका रूपमा अमरसिंह पनि एक रहेको इतिहासविद् प्रा डा त्रिरत्न मानन्धरले बताउनुभयो।

त्यस्तैबागमतीप्रदेशकापूर्वमन्त्री उद्धव थापाले राष्ट्रिय भावनाले ओतप्रोत थापाको इतिहासलाई मनन गरी आउने पुस्तालाई हस्तान्तरण गर्नुपर्ने बताउनुभयो। प्रतिष्ठानका सचिव डा शशी थापा पण्डितले मुलुकको राष्ट्रियता झल्काउन अमरसिंहजस्ता योद्धाको प्रसार गर्न आवश्यक रहेको बताउनुभयो।

त्यस्तै प्रतिष्ठानका उपाध्यक्ष ज्ञानराज थापाले अमरसिंह पार्क, प्रतिष्ठानको भवन बनाउन सकेमा योद्धाको योगदानको थप कदर हुने भन्दै इमानदार, साहसी, कुशल वीर योद्धाका रूपमा स्थापित थापालगायतका राष्ट्रिय विभूतिको संरक्षण गर्न सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो।

नेपाल राष्ट्र एकीकरण गर्न, जोगाउन, संरक्षण गर्न, विखण्डनबाट रोक्न महत्त्वपूर्ण योगदान पुऱ्याएका थापाको जन्म विसं १८०८ मा गोरखा जिल्लामा भएको थियो।रासस

# निःस्वार्थरुपमा गरिएको राजनीतिले आर्थिक उन्नति गतिशील बनाउँछ से बिजुक्छेँ

काठमाण्डु । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले निःस्वार्थरुपमा गरिएको राजनीतिले देशको आर्थिक उन्नति गतिशील बनाउने बताउनुभएको छ। मंगलबार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको २५औं वार्षिकोत्सवको अवसरमा उहाँले राज्यको उन्नति एवं प्रगतिमा राजनीतिले मुख्य भूमिका खेल्ने बताउनुभयो।

विद्यार्थीले अध्ययन सँगसँगै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिको विषयमा पनि चासो राखी देश र समाजको निःस्वार्थ सेवा गर्ने भावनाले अगाडि बढ्नुपर्ने औंल्याउँदै उहाँले विद्यार्थी जीवनदेखि विद्यार्थीलाई असल राजनीति गर्नतर्फ उत्प्रेरित गर्दै लैजानुपर्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले देश विदेशको भूगोल अध्ययनले विद्यार्थीमा व्यापक दृष्टिकोणको विकास हुने बताउँदै किताबी ज्ञानमा मात्र भर नपरी विभिन्न अध्ययन अनुसन्धानबाट नयाँनयाँ कुरा पत्ता लगाउनेतर्फ विद्यार्थीको चासो राख्नुपर्नेमा जोड दिनुभयो।

देशभक्तिको भावना भएका विद्यार्थीले आफ्नो देशको प्रगति र उन्नतिको लागि सधैँ तत्पर भएर लाग्ने बताउँदै उहाँले विदेशबाट सिकेको ज्ञान एवं सीपलाई आफ्नै देशमा प्रयोग गरी उपलब्धिपूर्ण काम गर्नु आफैँमा एउटा सफलता भएको बताउनुभयो।

कार्यक्रममा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले सरकारले ख्वप विश्वविद्यालयको विधेयक पारित गराउन ढिलाइ गर्न नहुने बताउँदै ख्वप विश्वविद्यालय सञ्चालन गरी विद्यार्थीलाई नयाँनयाँ विषयमा अध्ययन अनुसन्धान गराउने लक्ष्य रहेको बताउनुभयो।

***देशभक्तिको भावना भएका विद्यार्थीले आफ्नो देशको प्रगति र उन्नतिको लागि सधैँ तत्पर भएर लाग्ने बताउँदै उहाँले विदेशबाट सिकेको ज्ञान एवं सीपलाई आफ्नै देशमा प्रयोग गरी उपलब्धिपूर्ण काम गर्नु आफैँमा एउटा सफलता भएको बताउनुभयो। कार्यक्रममा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले सरकारले ख्वप विश्वविद्यालयको विधेयक पारित गराउन ढिलाइ गर्न नहुने बताउँदै ख्वप विश्वविद्यालय सञ्चालन गरी विद्यार्थीलाई नयाँनयाँ विषयमा अध्ययन अनुसन्धान गराउने लक्ष्य रहेको बताउनुभयो।***

शिक्षा क्षेत्रमा भइरहेको राजनीतिक भागबण्डाकै कारण देश लथालिङ्ग अवस्थामा पुगेको बताउँदै उहाँले सरकारले युवालाई विदेशी भूमिमा सस्तो ज्यामी बनाउन लिएको नीतिको सबैले विरोध गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरेको लगानीले देश र समाजले उपलब्धि हासिल गरेको बताउँदै देशभर जनस्तरबाट शैक्षिक संस्था सञ्चालन भएमा गरिब जनताका छोराछोरी महँगा विद्यालय एवं कलेजमा गएर पढ्नुपर्ने बाध्यताको अन्त्य हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं विद्यालय सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुर नपाबाट सञ्चालित आठ वटा कलेजले भक्तपुरको मात्र नभई सिङ्गो देश विकासको लागि महत्त्वपूर्ण योगदान पुर्याइरहेको बताउनुभयो।

नेपाल खुल्ला विश्वविद्यालय व्यवस्थापन तथा कानुन सङ्कायका डीन प्रा डा अरहन स्थापितले नेपालमा २०१७ सालदेखि खुला विश्वविद्यालय स्थापना भएको र उक्त विश्वविद्यालयले प्रविधिमा आधारित विषयवस्तुको अध्ययन अध्यापनमा जोड दिँदै आएको बताउनुभयो। नेपाल खुला विश्वविद्यालयको शैक्षिक विशेषताहरुमाथिप्रष्टपार्दैडास्थापितले दक्ष जनशक्ति देशकै लागि अर्थपूर्ण सम्पत्तिको रुपमा रहेको बताउनुभयो।

ख्वप अस्पतालका मेडिकल डाइरेक्टर, डा मजेशप्रताप मल्लले ख्वप सर्कलको गौरवपूर्ण इतिहासलाई अझ उँचो बनाउन विद्यार्थीले थप मिहेनत गर्नुपर्ने बताउँदै नयाँ कुरा सिक्न विद्यार्थी अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ सुजन माकले भक्तपुर नपाले 'एक घर, एक स्नातक' को अवधारणाका साथ स्थापित कलेजको उद्देश्य क्रमशः पूरा हुँदै गएको बताउँदै यी कलेजले अध्ययन अनुसन्धानलाई गुणस्तरीय बनाउँदै समय सान्दर्भिक विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजनामा जोड दिँदै आएको बताउनुभयो।

उक्त कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले कक्षा ११ मा १९ सय २० भन्दा बढी विद्यार्थी भर्ना भएको जानकारी दिनुभयो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको राजविराज नगरपालिकाद्वारा शुक्रबार राजविराजस्थित हटियाभित्र जग्गा अतिक्रमण गरि निर्माण गरिएका घरहरु डोजर लगाएर भत्काइँदै । *तस्बिरः रासस*

# ‘छ महिनासम्म शिशुलाई आमाको दूधमात्र खुवाउनू’

काठमाण्डु । नेपालसहित विश्वभरि नै मंगलबारदेखि ‘ विश्व स्तनपान सप्ताह’ मनाउन थालिएको छ । ‘स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाहरूको प्रतिबद्धता’ भन्ने मूल नाराका साथ उक्त सप्ताह मनाउन थालिएको हो ।

क ा म म ा फर्किनुपर्ने कारणले स्तनपानलाई निरन्तरता दिन र नियमित बनाउन स्तनपान गराउने आमाले चुनौती ब्यहोर्दै आउनुपरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यस्थलमा स्तनपानका लागी सहज वातावरण बनाइदिनु सम्बन्धित सबैको जिम्मेवारी रहेको जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले शिशु जन्मिएपछि जतिसक्दो चाँडो (एक घण्टाभित्र) मा आमाको दूध खुवाउन आमालाई आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि छ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउनुपर्छ ।

नेपालमा अझै पनि ४५ प्रतिशत शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान नगराइएको पाइएको छ । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ प्रतिवेदनमा ५५ प्रतिशत शिशुलाई मात्र जन्मेको एक घण्टाभित्र स्तनपान गराइएको छ । दस शिशुमध्ये छ जनालाई जन्मेपछि पहिलो दुई दिनसम्म पूर्ण स्तनपान गराइएको पाइएको छ । परोपकार स्त्री तथा प्रसूति रोग अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले तुलनात्मकरूपमा आमाले शिशुलाई स्तनपान गराउनेको सङ्ख्यामा कमी आएको बताउनुभयो । उहाँले बढ्दो सहरीकरण र कार्यालयमा महिलाहरू व्यस्त हुने गरेकाले शिशुले पर्याप्त मात्रामा स्तनपान गर्न नपाएको उल्लेख गर्नुभयो । “एक त स्तन बिग्रिन्छ भनेर धेरै आमाहरूले शिशुलाई स्तनपान नगराउने पाइएको छ,” निर्देशक डा अधिकारीले भन्नुभयो, “अर्को कुरा धेरै आमाहरूले काम गर्नुपर्ने भएकाले उक्त समयमा शिशुलाई स्तनपान गराउन पाउँदैनन् ।” आमाको दूधले शिशुलाई विभिन्न रोगसँग लड्नसक्ने क्षमता बढाउने गरेको उहाँको भनाइ थियो । सन् २०२२ को प्रतिवेदनमा नेपालमा छ महिनाभन्दा मुनिका ५६ प्रतिशत शिशुलाई पूर्णरूपमा स्तनपान गराइएको छ ।

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदनमा ६६ प्रतिशतले शिशुलाई जन्मेको छ महिना भित्रसम्म स्तनपान गराइएको उल्लेख गरिएको थियो ।

अस्पतालका प्रमुख बालरोग विशेषज्ञ डा कल्पना उपाध्याय सुवेदीले सन् २०१६ को तुलनामा २०२२ मा छ महिनासम्म शिशुलाई स्तनपान गराइएको बताउनुभयो । उहाँले कार्यस्थलमा नै शिशुलाई स्तनकक्षको अभाव र धेरै जसोमहिला जागिरे भएकाले विगतभन्दा १० प्रतिशत कम शिशुलाई स्तनपान गराइएको उल्लेख गर्नुभयो । “मंगलबारकाल आमाहरू पनि धेरैजसो जागिर गर्न थाल्नुभयो । अर्को कुरा विभिन्न बाहिरी दूधको प्रयोग बढेर पनि स्तनपान घटेको हो”, डा उपाध्याय सुवेदीले भन्नुभयो ।

उहाँले आमालाई स्तनपान गराउनका लागि जनचेतना जगाउनाका साथै कार्यालयमा स्तनपान कक्षको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । स्तनपानबाट बच्चामा उच्च रक्तचाप, मधुमेहजस्ता रोग लाग्नबाट बचाउनाका साथै आमालाई रक्तस्राव कम, डिप्रेसनका साथै डिम्बाशय तथा स्तन क्यान्सरबाट बचाउन मद्दत गर्ने बताउनुभयो ।



शिशुलाई कुपोषणबाट जोगाउनका लागि निरन्तर छ महिना स्तनपान गराउनु पर्दछ । यस्तै शिशुलाई जन्मेदेखि छ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउने, छ महिना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तीमा दुई वर्षसम्म निरन्तर स्तनपान गराउनु पर्दछ ।

चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दूधबाहेक अन्य कुनै किसिमको दूध नखुवाउन र दूधदानीको प्रयोग नगर्न पनि मन्त्रालयले अनुरोध गरेको छ । आमको दूध शिशुका लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमता बढाउने गर्दछ र स्तनपानले महिलाहरूमा स्तन क्यान्सर हुने जोखिमलाई पनि कम गराउन मद्दत गर्दछ । मंगलबारदेखि यही साउन २२ गतेसम्म सप्ताह कार्यक्रम गरी दिवस मनाइने भएको छ । रासस

## सोह्रौं आवधिक योजनाको ध्येय

# ‘सुशासन, समाजिक न्याय र समृद्धि’

काठमाण्डु । सरकारले सोह्रौँ आवधिक योजनाका लागि सुशासन, समाजिक न्याय र समृद्धिको सोच अघि सारेको छ । राजनीतिक, प्रशासनिक र न्याय क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र आवासका क्षेत्रमा सामाजिक न्याय गर्नु तथा सामाजिक जीवन, आर्थिक विकास र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु योजनाको उद्देश्य छ ।

सोह्रौ योजना प्रमुख रणनीति विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रुपान्तरणमार्फत सुशासन, समाजिक न्याय र समृद्धि हासिल गर्न सकिने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, “आवधिक योजना कार्यान्वयन सम्बन्धमा सबै तह र पक्षका सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुद तुल्याउनु हो ।”

कृषि उपजमा आत्मनिर्भर, आयात प्रतिस्थापन, निर्यात वृद्धि, काठ र जडीबुटी उद्योग प्रवर्द्धन, पर्यटन र औद्योगिक विकास, विद्युत् निर्यात, सिँचाइ विस्तार, खानेपानी निर्यात, धातु उद्योगको स्थापना, श्रमशक्तिको पूरा उपयोगमार्फत विकास र समृद्धिको लक्ष्य प्राप्त गर्न सकिने राष्ट्रिय योजना आयोगको विश्वास छ ।

जमिन, वन र जैविक विविधता, जलस्रोत, खनिज, युवाजनशक्ति र सङ्घीय संरचनाको माध्यमद्वारा पूर्वाधार निर्माण र सेवा प्रवाहको ढाँचामा परिवर्तन गरी लक्षित उपलब्धि हासिल गर्न सकिने उल्लेख गरिएको छ । समष्टिगत आर्थिक आधारको सवलीरण, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, मर्यादित एवं समावेशी रोजगारीका अवसरको सिर्जना, मानव स्रोतको व्यवस्थापन, मानव पुँजी निर्माण र उत्कृष्ट जनशक्ति योजना रुपान्तरणका क्षेत्र भएको आयोगको ठम्याइ छ ।




गुणस्तरीय, समन्यायिक एवं जीवनपयोगी शिक्षा र गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य प्रणालीलाई पनि सोह्रौ योजनाको रुपान्तरणको क्षेत्रका रूपमा समावेश गरिएको छ । सरकारले रुपान्तरणका क्षेत्रमा गुणस्तरीय पूर्वाधार र व्यवस्थित सहरीकरण, सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षा तथा अवाञ्छित तथा अनौपचारिक कारोबारको नियन्त्रण विनियोजन कुशलता तथा पुँजीगत खर्च क्षमता अभिवृद्धिलाई पनि समावेश गरेको छ ।

आयोगले विनियोजन कुशलता, जैविक विविधताको व्यवस्थापन र दिगो विकास तथा सुशासन प्रवर्द्धन एवं प्रभावकारी सार्वजनिक सेवा प्रवाहलाई पनि सोह्रौ योजनाको रुपान्तरणको क्षेत्रमा राखेको छ । योजना र कार्यक्रम, कार्यक्रम र बजेट विनियोजन तथा बजेट र कार्यान्वयनबीचको खाडललाई योजना कार्यान्वयनका चुनौतीका रूपमा लिँदै आयोगले राजनीतिक अस्थिरताको अवसर उद्योग व्यवसायलगायतका क्षेत्रमा परेको जनाएको छ । ढिलासुस्ती, शासक मनोबृत्ति, दक्षताको अभाव, नियमितता, भ्रष्टाचार, प्रक्रियामुखी कार्यशैलीलगायत कमजोर कर्मचारीतन्त्र योजना कार्यान्वयनका चुनौती रहेको जनाउँदै आयोगले प्रक्रियागत ढिलाइ, दोहोरो कानुन, जग्गाप्राप्ति र वातावरणीय स्वीकृत आइलाग्ने अड्चनलाई पनि समस्याका रूपमा देखाएको छ ।

कार्टेलिङ र सिनिडकेट कायम, उद्योगभन्दा व्यापारलाई प्राथमिकता दिने प्रवृत्ति, आयोजना प्रभावित क्षेत्रमा राखिने अवाञ्छित माग र गरिने अवरोध, कन्सल्टेन्सी, गोष्ठी र भ्रमणमा विकास साझेदारको ठूलो खर्च गर्ने गलत शैलीलाई पनि आयोजना कार्यान्वयनका चुनौतीको सूचीमा समेटिएको छ । कर्मचारीतन्त्र, निजी क्षेत्रमा असल गर्नेलाई पुरस्कृत तथा गलत गर्नेलाई दण्ड गर्ने संस्कारको अभाव, वैदेशिक लगानी न्यून तथा विकास ढाँचाको अभाव र अस्पष्टता पनि योजना कार्यान्वयनमा प्रभावित पारिरहेको उपाध्यक्ष डा श्रेष्ठको संसदीय समितिमा प्रस्तुत कार्यपत्र प्रस्तुतिमा उल्लेख छ ।

नेपालमा योजनाबद्ध विकासका लागि आवधिक विकास योजनाको अवधारणा विसं २०१३ बाट सुरु भएको हो । हाल पन्ध्रौँ योजना र २५ वर्षे दीर्घकालीन योजना कार्यान्वयनमा छ । योजनाका उद्देश्य र लक्ष्य हासिल गर्न हरेक वर्ष विषयगत र क्षेत्रगत आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुका साथै छानिएका योजना एवं कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरिँदै आएको छ ।

पहिलो आवधिक योजना (२०१३-१८)मा ‘नेपाल कृषि प्रधान देश भएता पनि खेतीबारीबाट भएको आम्दानीले किसान परिवारलाई पेटभर खान पुग्दैन । अन्नको कमी छ । बढ्दै गएको जनसङ्ख्याले खाद्यान्नको समस्या झन् जटिल हुन गएको छ । कृषि पैदावारको वृद्धि गराउन पर्ने आवश्यकता परिसकेको छ ।’ मुलुक सोह्रौ पञ्चवर्षीय योजना घोषणा गर्ने सङ्घारमा आइपुग्दा अर्थात् ६७ वर्षपछि पनि कृषि क्षेत्रको अवस्था उस्तै रहेको उपाध्यक्ष श्रेष्ठ बताउनुहुन्छ ।

देशमा निर्माण हुने नीति र योजना तथा घोषणा हुने बजेट र कार्यक्रममा निरन्तर यिनै विषयवस्तु दोहोऱ्याउने गरिएको छ । मुलुकमा घोषणा भएका आवधिक योजनामध्ये चौधौ योजनाले सात दशमलव चार प्रतिशतको आर्थिक वृद्धिदरको उपलब्धि हासिल गरेता पनि अन्यको उपलब्धि भने पाँच प्रतिशतभन्दा मुनि नै रहेको थियो । ‘समृद्ध नेपाल, सुखी नेपाली’सहितको २५ वर्षीय दीर्घकालीन सोचमा मुलुकलाई विकासशील र मध्यम आय भएको देशमा स्तरोन्नति गर्ने, दिगो विकास लक्ष्य हासिल गर्ने तथा विसं २१०० सम्ममा सम्मुनत राष्ट्रको स्तरमा पुऱ्याउने उल्लेख छ । रासस

# सिरहाको गोलबजारमा युवकको शव फेला

लहान । सिरहाको गोलबजारमा अन्दाजी २५ वर्षीय एक युवकको शव फेला परेको छ । गोलबजार नगरपालिका–२ गागन खोलाको पश्चिम किनारमा मंगलबार बिहान युवकको शव फेला परेको प्रहरीले जनाएको छ ।

गागन खोला किनारको झाडीमा शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । शवको प्रकृति हेर्दा युवकको हत्या गरी फालिएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । टाउकामा चोट लागेको र घाँटीमा गम्छा बाँधिएको अवस्थामा शव भेटिएकाले हत्या भएको हुनसक्ने गोलबजार इलाका प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता (डिएसपी) रवीन्द्रराज पाण्डेले भन्नुभयो, “अन्यत्र कतै हत्या गरी शव झाडीमा फालिएको हो कि भन्ने शङ्का छ । प्रहरीले घटनाको सम्बन्धमा अनुसन्धान सुरु गरिसकेको छ ।” रासस

# धान रोपाइँ गर्न दमकल प्रयोग



पर्सा । रोपाइँको गीत गञ्जिने बेला पर्साका खेतमा जताततै दमकल भेटिन्छन् । साउनको दोस्रो साता बित्दासमेत पानी नपरेपछि रोपाइँका लागि दमकलको घर पर्नुपरेको हो ।

किसानले खेतमा पानी लगाउन दमकलको चर्को मूल्य तिर्न बाध्य छन् । रोपिएको धान पनि हुन्छ की हुँदैन भनेर किसान चिन्तित छन् । डिजलबाट चल्ने दमकलको भाडा प्रतिघण्टा रु चार सय तथा बिजुलीबाट चल्नेको मूल्य प्रति घण्टा रु तीन तिर्नु परिरहेको पोखरिया-४ का सन्तोषप्रसाद चौहानले जानकारी दिनुभयो ।

गण्डक नहरमा पानी छैन । स्थानिय तहले कुलो सफा नगर्दा किसान मारमा छन् । उनीहरू दमकलको भरमा खेतमा पानी हाल्न बाध्य छन् । “आकासे पानी अभावमा रोपाइँ गर्न ढिला हुँदा यसवर्ष बाली उत्पादन घट्ने अवस्था छ”, पर्साको जगतपुरका सुरेशप्रसाद पटेलले भन्नुभयो । गत वर्ष पानीको सुविधा भए पनि मल उपलब्ध नगराउँदा समस्या भएको थियो । यसवर्ष सरकारले बेलैमा मल उपलब्ध गराए पनि वर्षा नहुँदा किसानलाई समस्या भएको छ ।

पर्सामा साउनको दोस्रो साता वित्दा समेत ५० प्रशित मात्र धान रोपाइँ भएको कृषि ज्ञानकेन्द्रका बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले जानकारी दिनुभयो । ग्रामीण भेगमा आकासे पानी नपरेकाले रोपाइँ गर्न ढिला भएको र उत्पादनमा कमी आउने उहाँले बताउनुभयो । रासस

# ‘न्यायालय स्वतन्त्र हुँदा मात्रै मानवअधिकारको संरक्षण हुन सक्छ’

काठमाण्डु । प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायालय स्वतन्त्र हुँदा मात्रै मानवअधिकारको संरक्षण हुनसक्ने बताउनुभएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा मंगलबार ललितपुरमा आयोजित ३१ औं प्रकाश स्मृति दिवस तथा २९ औं प्रकाश मानवअधिकार पुरस्कार वितरण कार्यक्रममा उहाँले भन्नुभयो, ‘‘स्वतन्त्र, सक्षम, निष्पक्ष र उत्तरदायी न्यायपालिकासहितको संवैधानिक व्यवस्था छ, न्यायालय राजनीतिक हस्तक्षेप, आर्थिक प्रलोभन, राज्यको हस्तक्षेप, दबाब र प्रभावबाट मुक्त हुनुपर्छ, त्यसो हुन सकेन भने निष्पक्ष न्याय प्रदान हुन सक्दैन ।’

उहाँका अनुसार निष्पक्ष न्याय हुन नसके मानवअधिकारको संरक्षण पनि हुन सक्दैन । ‘‘न्यायालय स्वतन्त्र हुँदा मात्रै मानवअधिकारको संरक्षण हुनसक्छ । मानवअधिकारको एउटा अभियानका रूपमा न्यायपालिका स्वतन्त्र र निष्पक्ष बनाउनुपर्छ’, उहाँले भन्नुभयो ।




फौजदारी न्याय प्रशासनमा पीडितको संरक्षणसम्बन्धी कानून पनि ल्याएको तर पीडित र पीडितका साक्षीको संरक्षण नहुँदा प्रतिकूल बकपत्र दिने गरेका कारण पनि अदालतलाई न्याय निरुपण गर्न समस्या परिरहेको बताउँदै प्रधानन्यायाधीश कार्कीले यस खालको अवस्थाबाट वास्तविक न्याय निरुपण नहुन सक्ने र समाजमा अस्थिरता मौलाउने धारणा राख्नुभयो । न्यायमा पहुँच पुऱ्याउन भएका अवरोधमा ध्यान दिन कार्कीले मानवअधिकारकर्मीलाई आग्रह गर्नुभयो ।

पूर्वसभामुख दमननाथ ढुङ्गानाले स्वतन्त्र र गैरराजनीतिक संस्था भनेको न्यायालय नै भएको भनाइ राख्दै मानवअधिकार र लोकतन्त्रको संरक्षणका लागि यसलाई निष्पक्ष र स्वतन्त्र राख्नुपर्ने बताउनुभयो । ‘स्वतन्त्र र गैरराजनीतिक संस्था भनेको न्यायालय नै हो र यसलाई निष्पक्ष र स्वतन्त्र राख्नुपर्छ । तब मात्रै मानवअधिकारको संरक्षण हुनसक्छ । संविधानसभाबाट बनेको वर्तमान संविधानले संविधानसभाको मर्मलाई छुन सकेन, निर्वाचन पद्धति सुधार गर्न सकेन, यो संविधान संशोधन गर्न सकेनौं भने भ्रष्टाचार मौलाउँछ, मानवअधिकार कमजोर हुन्छ । व्यवस्था विकृत हुन्छ । मानवअधिकार हनन हुँदै जान्छ’, पूर्वसभामुख ढुङ्गानाले भन्नुभयो । इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले मानवअधिकार र सङ्क्रमणकालीन न्यायका विषयमा अङ्ग्रेजीमा रूपान्तरण गरेर व्याख्या गर्न नसक्दा अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो अदालतका नजीर स्थापित हुन नसकेको बताउनुभयो ।

उहाँले सक्षम न्याय प्रणाली भए पनि न्यायालय सक्रिय भएर काम नगरेसम्म मानवअधिकारको रक्षा हुन सक्दैन भन्दै न्याय, मानवअधिकार र लोकतन्त्र एक अर्कामा जोडिएको बताउनुभयो ।

इन्सेकका अध्यक्ष डा कुन्दन अर्यालले मानवअधिकार आन्दोलनलाई परिष्कृत गरेर जानु आवश्यक भएको भन्दै आम नागरिकमा न्यायको पहुँच पुऱ्याउन नसक्नु पनि गम्भीर विषय भएको धारणा राख्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यस वर्षको प्रकाश मानवअधिकार पुरस्कार कपिलवस्तुकी रुकय्या खातुनलाई प्रदान गरेको हो । पुरस्कारको राशि रु ५० हजार रहेको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुन तस्करीमा नेता

हंगकंगबाट मोटरसाइकलको ब्रेक सूमा लुकाएर ल्याइएको १ क्विन्टल सुन बरामद भएपछि देश सुन तस्करीको अड्डा नै रहेको बुझ्न सकिन्छ । नेपालमा सुनको खपत भन्दा धेरै बढी सुन अवैध रुपमा नेपाल ल्याइन्छ । अवैध ढंगले नेपालमा ल्याइने सुन तस्करी भएर भारत जाने गरेको छ । सुनको तस्करी हाल मात्र सुरु भएको पनि होइन् । वर्षौंदेखि सुन तस्करी भएर नेपाल आउने र यहाँबाट भारत जाने गरेको छ । सुनको तस्करीले नेपालमा भारतीय रुपैयाँको अघोषित अवमूल्यनसमेत भएको छ । खास गरी चीनबाट हवाइ र स्थलमार्ग भएर भारी परिमाणमा नेपालमा सुन तस्करी हुने गरेको छ । सुन तस्करीले नेपाल र भारतको अन्य व्यवसायलाई समेत नराम्ररी प्रभावित गरिरहेको छ । नेपालबाट भारी परिमाणमा सुन भारत जाने र भारतबाट सुन वापतमा आउने भारतीय रुपैयाँले नेपालको सीमावर्ती क्षेत्रमा नेपाली रुपैयाँलाई अवैध बजारमा बलियो बनाएको छ । तर विमानस्थलमा १ क्विन्टल सुन बरामद भए लगतै भारतीय रुपैयाँमा केही सुधार भएको छ । भन्सारलगायतका निकायहरुको तथ्यांक अनुसार सुन तस्करीमा फेला परेको फर्मले पछिल्लो केही महिनामै १९ क्विन्टल सुन तस्करी गरी ल्याएको अनुमान छ । सुन तस्करीका लागि नै एउटा संस्था दर्ता गरिएको देखिन्छ । देशमा वार्षिक कति क्विन्टल सुन आयात हुन्छ , त्यसको तथ्यांक छ । तर अवैध रुपमा वार्षिक कति सुन आउँछ, त्यसको कुनै तथ्यांक छैन् । नेपालमा सुन तस्करीको सञ्जाल अत्यन्त बलियो छ । विगतमा पनि सुन तस्करी हुने गरेको थियो । त्यस बखत पनि देशका उच्च पदस्थ नेताहरुको संलग्नता रहने गरेको थियो । अहिले पनि ठूला नेताहरुको सुन तस्करीमा संलग्नता रहेको देखिन्छ । सुन तस्करीमा उच्च पदस्थ नेताहरुको संलग्नता नभएसम्म तस्करी हुन सक्दैन् । उच्चपदस्थ नेताहरुकै संरक्षण र संलग्नतामा भारी मात्रामा तस्करी हुने गरेकोछ । सुन तस्करीमा संलग्न व्यवसायीहरुले मात्र एकै पटकमा क्विन्टल सुन तस्करी गर्ने आँट गर्न सक्दैन् । तस्कर र कर्मचारीको मिलेमतोमा मात्रै पनि यतिको परिमाणमा सुन तस्करी सहज छैन् । यसमा देशका प्रभावशाली सत्तासीन नेताहरुको संलग्नता निश्चित नै देखिन्छ । सुन तस्करीको सञ्जाल अत्यन्त बलियो रहेकाले त्यसमा करोडौंको कारोबार एक पटकमा हुने गरेकोछ । नेपाल र भारतबीच सुन तस्करकिो धन्धालाई रोक्न भारतले चाहेर पनि सकेको छैन् । मधेश प्रदेशको राजधानी पनि सुन तस्करीको सर्वाधिक सुरक्षित स्थल मानिएको छ । सुन तस्करीलाई नरोकिएसम्म देशको आर्थिक वृद्धि हुन सहज छैन् । नेताहरु नै संलग्न रहेकाले सुन तस्करी रोक्ने सम्भावना निकै कम छ । सुन तस्करीमा कुनै एउटा दलको भन्दा विभिन्न दलका प्रभावशाली नेताहरुको संलग्नता देखिन्छ । उनीहरुलाई कारबाहीको दायरामा ल्याउन सरकारले चाहेर पनि जटिल छ ।

# सुशासन र समुन्नतिको प्रचण्ड अठोट



मनहरि तिमिल्सिना

व्यक्तिगत र सामाजिक जीवनमा भ्रष्ट आचार एवं व्यक्तिका हरेक खराब आचरणलाई भ्रष्टाचार शब्दावलीले संकेन्द्रित गर्दछ । आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवं नैतिक दृष्टिले असल मार्गको अनुशरण गर्नु सदाचार भएजस्तै आर्थिक अपचलन, सांस्कृतिक दृष्टिले विचलन, दैनिक जीवनमा गलत आचारण र व्यवहार प्रदर्शन, कसैप्रति दूराग्रहपूर्ण व्यवहार, असभ्य शैली र प्रस्तुति, अरूप्रति कुभलो चिताउनुजस्ता क्रियाकलाप र आचार सबै भ्रष्टाचारभित्र पर्दछन् ।

भ्रष्टाचारको विषद् परिभाषा र दायरा भए पनि नेपालको सन्दर्भमा यसको परिभाषा सङ्कुचित बुझ्ने गरिएको पाइन्छ । हाम्रो सन्दर्भमा भ्रष्टाचारको मूर्त परिभाषा आर्थिक अपचलन वा अनियमितता हुने गरेको छ । राज्यको सम्पत्ति गैरकानुनी वा अनधिकृत रूपमा दुरूपयोग गर्नुलाई हामीले भ्रष्टाचारको अर्थमा लिने गरेका छौं, नेपालको सन्दर्भमा आर्थिक भ्रष्टाचार नै सबैभन्दा ठूलो चुनौती बनिरहेको छ ।

**नेपालमा भ्रष्टाचारको स्थिति**

भ्रष्टाचारविरोधी अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) ले सन् २०२० को आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै नेपाल एसियाकै भ्रष्ट मुलुक र प्रधानमन्त्रीले भ्रष्टाचारीको संरक्षण गरेको उल्लेख गऱ्यो । देशको प्रधानमन्त्रीलाई भ्रष्टाचारीको संरक्षक किटान गर्दै सार्वजनिक गरेको उक्त रिपोर्टले देशमा सुशासनको स्थिति कस्तो छ भन्ने गहिरो प्रश्न जन्मायो । जुन प्रतिवेदनमाथि नेपालमा तीव्र क्रिया-प्रतिक्रिया मात्र भएन, तात्कालीन सरकारले पत्रकार सम्मेलन गरेरै उक्त रिपोर्टको खण्डन गऱ्यो ।

सुशासन र सदाचारको प्रवर्द्धन गर्न भ्रष्टाचार नगर्ने प्रतिज्ञा गर्न निर्देशन दिने निकाय नै भ्रष्टाचारको अग्रस्थानमा रहेको टिआईले औंल्याएको थियो । टिआईद्वारा जारी ग्लोबल करप्सन ब्यारोमिटर एसियाको रिपोर्टमा नेपालका ५० प्रतिशत नागरिकले प्रधानमन्त्रीकै संरक्षणमा भ्रष्टाचार हुने गरेको दाबी गरिनु देशकै लागि गम्भीर चिन्ताको विषय थियो । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सन् २०२२ मा ३४ अङ्कका साथ सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल भ्रष्टाचार हुने देशहरूको सूचीमा ११० औं स्थानमा परेको थियो । सन् २०२१ को तुलनामा नेपालले आंशिक प्रगति हासिल गर्दै ११७ बाट ११० स्थानमा झरेको थियो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले राजनीति, वित्त, न्यायलगायत छ वटा मापदण्डको आधारमा देशहरूलाई वर्गीकरण गरी भ्रष्टाचारको सूचकाङ्क सार्वजनिक गर्ने गरेको छ । यस्तै वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे सर्वेक्षण गरेको छ । ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का पट्टा, आयात निर्यातमा घुस र भ्रष्टाचारबारे सर्वेक्षण गर्दै आएको छ ।

माथिको तथ्याङ्कबाट भ्रष्टाचार नियन्त्रण र सदाचार स्थापित गर्ने सन्दर्भमा नेपालले गम्भीर चुनौतीको सामना गरिरहेको प्रष्टिन्छ । गत पुस ११ गते माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मुलुकको ४४ औं प्रधानमन्त्रीका रूपमा सपथ लिएसँगै भ्रष्टाचारविरोधी अभियानले तीव्रता पाएको छ । २०४६ सालको राजनीतिक परिवर्तनयता भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापित गर्ने मुद्दा पहिलोपटक सरकारको उच्च प्राथमिकतामा परेको छ । यसका कारण नागरिकमा आशाको रक्तसञ्चार हुनुका साथै सरकारको अभियानप्रति अपार समर्थन र ऐक्यवद्धता देखिएको छ ।

**किन हुन्छ भ्रष्टाचार ?**

भ्रष्टाचारको क्षेत्रमा अध्ययन गरिरहेका संस्थाहरूले बेलाबखत जारी गर्ने औपचारिक र अनौपचारिक प्रतिवेदनहरूमा भ्रष्टाचारबाट सबैभन्दा आक्रान्त मुलुकहरू ती छन्, जुन मुलुकहरू आर्थिक दृष्टिले पछौटेपनको शिकार छन्, सांस्कृतिक रूपले रूढीवादी संस्कृतिको प्रभाव छ, राज्यले अवसरहरूको सिर्जना गर्न सक्दैन, मुलुकमा राजनीतिक द्वन्द्वको प्रभाव कायम छ, सङ्क्रमणकालका कारण राज्यका संयन्त्रहरू स्वचालित प्रणालीमा रूपान्तरित भइसकेका छैनन्, राजनीतिक शक्तिहरूमा त्यागको भावनाभन्दा राज्यस्रोतको परिचालनमार्फत शक्ति मंगलबार्नको लालसा कायम रहन्छ । त्यस्ता मुलुकहरूभित्र नेपाल पनि पर्दछ ।

उत्पादन र रोजगारीका दृष्टिले पछाडि रहेका मुलुकमा भ्रष्टाचार आम प्रवृत्तिजस्तै देखिन्छ । भूमण्डलीकरण प्रभाव मंगलबारको विश्वका हरेक कुनामा शीघ्रातिशीघ्र पर्ने गर्दछन्, जसले आम नागरिकमा शीघ्र धनमंगलबार्नको मनोविज्ञानमा बढोत्तरी हुँदै जान्छ । पुँजीवादको विश्वव्यापी प्रभावसँगै नेपालले पनि यस्तो चुनौतीको सामना गरिरहेको छ, जहाँ मेहेनत र साधनाको बलमा सम्मानीत जीवन जिउनुभन्दा नैतिक वा अनैतिक हत्कण्डाबाट शीघ्र धनमंगलबार्नको लालसा प्रोत्साहित हुन्छ ।

नेपालको सन्दर्भमा राजनीतिक व्यवस्था बदलिएर जनताको जीवनमा महत्वपूर्ण प्रगति हासिल भए पनि व्यवस्थाअनुसार अवस्था बदल्ने कार्यभारमा गुणात्मक प्रगति हासिल हुन सकेको छैन । मुख्यतः उत्पादन र रोजगारीका क्षेत्रमा राजनीतिक एवं प्रशासनिक तहबाट लिइएका प्रयासहरू कामयावी हुन नसक्दा त्यसबाट मूलतः तीन चुनौती देखिएका छन्, बढ्दो व्यापार घाटा, भ्रष्टाचारको भयावह परिदृश्य र बौद्धिक एवं भौतिक शक्तिको पलायन । यी तीन चुनौतीलाई अवसरमा बदल्ने सबैभन्दा ठूलो कार्यभार उत्पादनमार्फत आत्मनिर्भरता र रोजगारी सिर्जना नै हो । यो यथार्थलाई धेरैले बोध गरेको भए पनि नीति, योजना र कार्यक्रममा कसरी अभिव्यक्त गर्ने ? यो प्रश्न आफैंमा महत्वपूर्ण नै छ ।

**भ्रष्टाचारका प्रभावहरू**

जब राज्यप्रणालीले स्वचालित सामर्थ्य र चरित्र गुमाउँछ, त्यहाँ शक्तिको अनधिकृत प्रयोग हुन थाल्दछ । शक्तिको अनधिकृत प्रयोग नै भ्रष्टाचारका लागि त्यस्तो उर्भरभूमि हो, जसले संस्थागत भ्रष्टाचारलाई आमन्त्रण गर्दछ । हामीले सङ्घीय लोकतान्त्रिक शासनप्रणाली अवलम्बन गरेका छौं, जहाँ नयाँ व्यवस्थाको संस्थागत प्रणालीको जरूरी पर्दछ । सङ्घीय गणतन्त्रअनुरूप सङ्घीय ऐन र नियमहरू तर्जुमा नहुँदा हामी प्रशासनिक संक्रमणमा गुज्रिएका छौं, त्यसको प्रभाव सुशासन र सेवा प्रवाहको क्षेत्रमा परिरहेको छ । संघीय शिक्षा ऐन, सङ्घीय निजामती सेवा ऐन, सङ्घीय प्रहरी ऐनजस्ता महत्वपूर्ण ऐन निर्माणमा विलम्ब हुँदा स्थानीय तहसम्म बहुआयमिक प्रभावहरू देखिएका छन् ।

आवश्यकता र स्रोतबीचको विरोधाभाषले भ्रष्टाचारको आधार खडा गर्दछ । उदाहरणका रूपमा; एउटा सरकारी कार्यालयमा २० जनाको दरबन्दीमा आवेदन खुल्छ, जहाँ १००० जनाले आवेदन भर्दछन् । आवेदन भरेकाहरू सबै उक्त नियुक्तिका लागि योग्य छन्, तर राज्यको सामर्थ्य २० जनालाई मात्रै नियुक्ति दिनसक्ने छ । दौडमा रहेका एक हजार जना सबैजसो शक्ति केन्द्र धाउँछन् र आफ्नो पहुँच र सामर्थ्यअनुसार शक्तिको अभ्यास गर्दछन् । अनि, नियुक्त हुन नसकेका ९८० जना शक्तिको अभ्यासमार्फत सेवा प्रवेशको प्रयत्नमा निरन्तर लागिरहन्छन्, यता राजनीतिक शक्तिहरूका लागि शक्ति विस्तारमा क्रियाशील कार्यकर्ताको आवश्यकता पर्दछ, त्यो आवश्यकता तिनै व्यक्तिहरूले पूरा गरिदिन्छन्, जो शक्तिको अभ्यासमार्फत आफ्नो भविष्यको खोजी गरिरहेका छन् । यसरी राजनीति र राज्ययन्त्र दुबै विशाक्त हुँदै जाँदा भ्रष्टाचार अनियन्त्रित महारोगका रूपमा संक्रमित हुँदै जान्छ ।

बहुदलकाल यताका भ्रष्टाचार काण्डहरू हेर्दा राजनीतिक संरक्षण र प्रशासनिक व्यवस्थापनमा भ्रष्टाचार मौलाएको देखिन्छ । राजनीतिक क्षेत्रमा देखिएको मनोवृत्ति हेर्दा पार्टी ठूलो बनाएर चुनाव जित्ने, चुनाव जितेर राज्यका साधनस्रोत अनधिकृत रूपमा कब्जा गर्ने, उक्त स्रोतले कार्यकर्ता परिचालन गर्ने, कार्यकर्ता परिचालन गरेर पार्टी ठूलो बनाउने, अनि ठूलो पार्टी बनाएर फेरि चुनाव जित्ने र सरकार बनाउने । यहीं प्रक्रियाको गोलचक्करमा पार्टीहरू जति ठूलो हुँदै जान्छन्, राज्य त्यति नै कमजोर हुँदै जान्छ । मंगलबार भ्रष्टाचारका जुन-जुन प्रकरण सतहमा आएका छन्, त्यहाँ यही प्रवृत्तिले काम गरेको देखिन्छ ।

कुनै एउटा संयन्त्र वा क्षेत्रमा भएको भ्रष्टाचारले उक्त क्षेत्र मात्र प्रभावित गर्दैन, त्यसले राज्यको सिङ्गो संयन्त्रमाथि प्रभाव राख्दछ । भ्रष्टाचारले राज्यका संयन्त्रहरू कमजोर हुँदै जाँदा सेवा प्रवाह प्रभावित हुन थाल्दछ, नागरिकको राज्यप्रतिको अपनत्व र विश्वास शिथिल हुँदै जान्छ । जब राज्यप्रति नागरिकको विश्वास कमजोर हुन्छ, लोकतन्त्रमाथि प्रहार सुरू हुन्छ । लोकतन्त्र नै कमजोर भएपछि व्यवस्था विरोधीहरू शक्तिशाली हुँदै जान्छन् । राष्ट्रिय राजनीतिमा जुन शक्तिहरू विस्तारित भएका छन्, त्यसमा आम नागरिकमा व्याप्त निरासा, लोकतन्त्रमाथि संशय र व्यवस्थाविरोधी विचार र शक्तिको प्रभाव विस्तार जिम्मेवार छ ।

**भ्रष्टाचार नियन्त्रणका शर्तहरू**

भूमण्डलीकृत विश्वको प्रभावबाट आम नागरिकका आकांक्षामा गुणात्मक बढोत्तरी भएको छ । तर, राज्यको सामर्थ्य र व्यवस्थापनको पक्ष कमजोर हुँदा अवसरहरूको सिर्जना हुन सकेको छैन । अवसरहरूको सिर्जनामा गत्यावरोध पैदा हुँदा सीमित स्थानमा कल्पना नै गर्न नसकिने प्रतिस्पर्धा संकेन्द्रित छ । त्यस्तो प्रतिस्पर्धामा शक्तिको अभ्यास हुन थाल्दछ । तसर्थ, भ्रष्टाचार नियन्त्रणका लागि सबैभन्दा ठूलो शर्त अवसरहरूको सिर्जना र नागरिकको सहज जीवनवृत्ति नै हो । यस प्रकृतिको चुनौती एकाध वर्षमा समाधान गर्न सकिने विषय होइन, तर राज्यले रणनीतिक योजनाका साथ काम गर्दा असम्भव छैन ।

*सुशासन र सदाचारको प्रवर्द्धन गर्न भ्रष्टाचार नगर्ने प्रतिज्ञा गर्न निर्देशन दिने निकाय नै भ्रष्टाचारको अग्रस्थानमा रहेको टिआईले औंल्याएको थियो । टिआईद्वारा जारी ग्लोबल करप्सन ब्यारोमिटर एसियाको रिपोर्टमा नेपालका ५० प्रतिशत नागरिकले प्रधानमन्त्रीकै संरक्षणमा भ्रष्टाचार हुने गरेको दाबी गरिनु देशकै लागि गम्भीर चिन्ताको विषय थियो । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सन् २०२२ मा ३४ अङ्कका साथ सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल भ्रष्टाचार हुने देशहरूको सूचीमा ११० औं स्थानमा परेको थियो । सन् २०२१ को तुलनामा नेपालले आंशिक प्रगति हासिल गर्दै ११७ बाट ११० स्थानमा झरेको थियो ।*

भ्रष्टाचार नियन्त्रणको अर्को आधार श्रम संस्कृति निर्माण र श्रमप्रतिको सम्मान हो । नैतिक वा अनैतिक जुनसुकै स्रोतबाट धन मंगलबार्न गरिए पनि सामाजिक मर्यादामा कुनै अन्तर नपर्ने भएपछि जति ठूलो भ्रष्टाचारी, उति नै ठूलो सामाजिक मर्यादाको स्थिति बन्दछ । तसर्थ, भ्रष्टाचार निरूत्साहित गर्ने र श्रमको सम्मान गर्ने संस्कृतिबाट मात्र भ्रष्टाचार नियन्त्रणमा सफलता प्राप्त गर्न सकिन्छ ।

भ्रष्टाचारको अन्त्यका निम्ति राजनीतिक शक्तिहरूमा दृढ अठोट र प्रतिवद्धता चाहिन्छ । बरू पार्टी कमजोर होस्, तर राज्य कमजोर बन्न नदिनु हाम्रो आधारभूत जिम्मेवारी हो भन्ने सामूहिक विचार, मनोविज्ञान र आचारबिना राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रणको सङ्कल्प पूरा गर्न सक्दैनन् । मंगलबारको परिस्थितिमा यो निकै ठूलो चुनौती हो । राजनीतिक एवं प्रशासनिक सङ्क्रमणकालको अन्त्य गरेर भ्रष्टाचार नियन्त्रणमा पहल लिन अपरिहार्य छ । तसर्थ, सङ्घीयताको व्यवस्थापन र सुदृढीकरणका निम्ति आवश्यक पर्ने कानुन निर्माणमा विलम्ब गर्नु हुँदैन, जुन कार्यभार सरकारको मात्र नभएर संघीय संसदको सामूहिक कार्यभार हो । यसतर्फ संसदका दलहरूले गम्भीरतापूर्वक सोच्नुपर्दछ ।

भ्रष्टाचार निवारण ऐन २०५९ विद्यमान रहे पनि भ्रष्टाचारका नयाँ-नयाँ आयाम र आधुनिक प्रविधिसामु यो पर्याप्त देखिँदैन । भ्रष्टाचारको आधारभूत प्रमाणको निक्यौंल गर्ने कुरामा समेत हाम्रा पर्याप्त अपूर्णताहरू छन्, जसले भ्रष्टाचार नियन्त्रण एक नीतिगत र सामाजिक जिम्मेवारीभन्दा पनि प्राविधिक दण्डका रूपमा संकुचित भएको छ । सुशासनका लागि प्रशासनिक सुधार, कर्मचारी व्यवस्थापन, अनुगमन र मूल्याङ्कन प्रणाली जस्ता विषयहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ । राज्यका संरचनाहरूको व्यवस्थित परिचालन र अनुगमनको प्रणालीबाट समेत भ्रष्टाचार नियन्त्रणमा कमी ल्याउन सकिन्छ । कर्मचारी प्रशासनमा दण्ड र पुरस्कारको प्रणालीमार्फत यसको सुधार सम्भव छ ।

**प्रचण्ड प्रयास र सङ्कल्प**

प्रचण्ड नेतृत्वको सरकार सामाजिक न्याय, सुशासन र सामाजिक न्यायको प्राथमिकतासहित बदलिएको व्यवस्थाअनुसार जनताको अवस्था बदल्न, देशमा सुशासन र समुन्नतिको जग बसाल्न सक्रिय छ । पछिल्लो सात महिनाको प्रगतिले यही यथार्थ प्रमाणित गर्दछ । नक्कली भुटानी शरणार्थी प्रकरणका अभियुक्तहरू कानुनी कठघरामा तानिएका छन्, ललिता निवास प्रकरणका अभियुक्तहरू कार्वाहीको प्रक्रियामा छन्, पछिल्लोपटक १०० किलो अवैध सुन बरामद गरी अनुसन्धान भइरहेको छ ।

विभिन्न साना-ठूला घटनाका अभियुक्तहरू कानुनी दायरामा ल्याइएको छ । मिटरब्याजसम्बन्धी कानुन संसदबाट पारित गरी अभियुक्तहरूमाथि छानबिन गर्ने, सामान्य प्रकृतिका घटनामा मेलमिलाप र गम्भीर प्रकृतिका मुद्दाहरूमा कार्वाहीको थालनी भएको छ । सरकारको पहलबाट नागरिकमा आशाको रक्तसञ्चार पैदा भएको छ, देशमा सरकार छ भन्ने अनुभूतिका साथै देशभित्रै भविष्य देख्ने परिस्थिति निर्माण हुँदैछ ।

भ्रष्टाचारविरोधी अभियान सरकार र राजनीतिक दलको घेराभित्र मात्रै सीमित नभएर आम नागरिकको मुद्दा बनिसकेको छ । सरकारको कदमप्रति व्यापक समर्थन र खबरदारी देखिएको छ । भ्रष्टाचारका अरू फाइलहरू पनि खोल्न सरकारलाई नागरिकको नैतिक बल पैदा हुँदै गएको छ । सुशासन र सदाचार चाहने सबै राजनीतिक दल र सामाजिक क्षेत्रका व्यक्तित्वहरू सरकारको पक्षमा देखिएका छन् । यो आफैंमा राष्ट्रिय एकताको आधारसमेत हो ।

सरकारको अभियानबाट भ्रष्टाचारका हिमायती शक्ति र प्रवृत्ति त्रसित देखिन्छ । उनीहरू जुनसुकै मूल्यमा पनि यो अभियान रोकेर आफू सुरक्षित हुन चाहन्छन् । तसर्थ, भ्रष्टाचारविरोधी अभियानको विषयान्तर गर्ने प्रयत्नसमेत भइरहेको छ । सरकारले आफूसम्बद्ध अभियुक्तहरू संरक्षण गरी प्रतिपक्षीतर्फ मात्रै सोझिएको कूतर्क गरिँदैछ । तर, तथ्यले त्यसको खण्डन गर्दछ । भुटानी शरणार्थी, ललिता निवास र सुनकाण्ड प्रकरणमा जे-जति मानिसहरू अनुसन्धानको दायरा तानिएका छन्, जे-जति मानिसहरू अनुसन्धानको घेरामा छन्, त्यहाँ कुनै अमुक विचार वा शक्तिनिकटका मानिसहरू मात्रै नभएर कानुन र प्रमाणले शंकाको घेरामा परेका सबै पक्ष र प्रवृत्ति छन् । कोही पनि दोषीले उन्मुक्ति पाउँदैनन् भन्ने प्रधानमन्त्री र गृहमन्त्रीको प्रतिवद्धता व्यवहारमा प्रमाणित हुँदै आएको छ ।

आम नागरिकमा भ्रष्टाचारविरोधी अभियान रोकिन नहुने र उच्च राजनीतिक तहमा समेत अनुसन्धान गर्नुपर्ने सकारात्मक खबरदारी देखिन्छ, यसले सरकारलाई उर्जा प्रदान गरिरहेको छ । प्रधानमन्त्रीको दृढ अठोट छ- भ्रष्टाचारविरोधी अभियान कुनै एक्सन मात्र नभएर यो आम विचार र प्रवृत्तिका रूपमा लिनुपर्दछ, नयाँ संस्कृतिको आधारका रूपमा विकसित गर्नुपर्दछ । जस्तासुकै चुनौतीहरू आउन्, सरकार चुक्दैन, झुक्दैन । भ्रष्टाचारविरोधी अभियानमा आफ्ना वा अरू भनिने छैन, निर्दोष पर्दैनन्, दोषीले उन्मुक्ति पाउँदैनन् । ''यसपटक राम्रो मात्रै गर्छु, नराम्रो कुनै पनि काम गर्दिनँ'' भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति र व्यवहारमा त्यही संकल्प र अठोट अन्तरनिहीत छ ।

**निष्कर्ष**

भ्रष्टाचार विकासको दिशामा अग्रसर अल्पविकसित र विकासशील राष्ट्रहरूको साझा चुनौती हो । यस चुनौतीको सम्बोधनका निम्ति साझा अवसरहरूको सिर्जना, आदर्श श्रम संस्कृतिको निर्माण, भ्रष्टाचारविरूद्ध जागरण, सङ्क्रमणको अन्त्य, स्वचालित राज्यप्रणाली र संरचनाहरूको निर्माणजस्ता पक्षहरू महत्वपूर्ण रहन्छ ।

वर्तमान सरकारले भ्रष्टाचार निवारण र सुशासनका निम्ति जे-जस्तो लिइरहेको छ, त्यसभित्र समुन्नत राष्ट्र निर्माणको बृहत्तर दृष्टिकोण, विचार र सङ्कल्प अन्तर्निहित छ । यसरी विश्व इतिहासमा भ्रष्टाचारविरोधी अभियानले ठूल-ठूला परिवर्तन सम्भव तुल्याएको छ । समुन्नत नेपाल निर्माणका निम्ति सरकारको कदम अन्तर्राष्ट्रिय महत्वको रहन्छ । तसर्थ, भ्रष्टाचारविरूद्धको महालडाइँलाई त्यही उचाइका साथ आत्मसात् गर्दै रचनात्मक खबरदारीसहितको ऐक्यबद्धता मंगलबारको राष्ट्रिय आवश्यकता हो र हुनुपर्दछ । (लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ)

# जनस्वास्थ्य र आधुनिक चिकित्सा



धनलाल पाण्डे

जनस्वास्थ्य भन्नाले सबै जनताको स्वास्थ्य अवस्था माथि उकास्नका लागि अध्ययन गरिने विज्ञान हो। जस्तै समुदायमा धेरै मानिसहरु हुन्छन् जो रोगी हुँदैनन् उनीहरुको स्वास्थ्य प्रवर्द्धनका लागि कुनै पनि प्रकारको रोकथाम अपनाइएन भने उनीहरुलाई कुनै प्रकारको स्वास्थ्य समस्या हुन्छ वा रोगी हुन्छ त्यसपछि मात्र उपचारको लागि उ अस्पताल वा स्वास्थ्य सस्थामा जान्छ र उसले आफ्नो स्वास्थ्य राम्रो बनाउनको लागि उपचार गराउछ भने चिकित्साले कुनै पनि बिरामीको मात्र अध्यन गर्दछ यसले धेरै मानिस (रोग नलागेका जनता) को स्वास्थ्यको कुरा गर्दैन । यदि यसो हो भने सरकारले किन रोगीलाई मात्र अस्पताल बनाउछ त? संसारका धेरै विकसित राष्ट्रहरुले जनस्वास्थ्यलाई धेरै लगानी र प्राथमिकता दिन्छन् फलस्वरुप ति विकसित राष्ट्रका मानिसहरुमा तलका अवस्थाहरु कम हुन्छन जस्तै मातृ मृत्युदर एकदम कम हुन्छ जस्तै जर्मनी, जापान र नेदरल्याण्ड मा ४ प्रति लाख छ भने नेपालको २०२१ को जनगणना अनुसार १५५ प्रति लाख छ। नवजात शिशु मृत्यु दर पनि एकदम कम हुन्छ ।

रोग लागेका मानिसहरुको स~्या कम हुन्छ खानपिनकोको गुणस्तर हुन्छ । हाम्रोजस्तो विकाशिल राष्ट्रहरुले समुदायका मानिसहरुको स्वास्थ्य वा जनस्वास्थ्यलाई कुनै पनि प्रकारको प्राथमिकता दिँदैनन जसको फलस्वरुप मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, रोग लागेका मानिसहरुको स~्या एकदम धेरै हुन्छ भने खानपिनको गुणस्तर चेकजाँच हुँदैन। रोगको भार धेरै हुन्छ र अस्पताल र स्वास्थ्यकर्मीको मात्र आवश्यकता महसुस हुन्छ भने जनस्वास्थ्यकर्मीहरुको आवश्यकता महसुस हुँदैन ।

हुन त नेपालले पनि एसडीजी २०३० सम्मको लागि एकदम महत्वकांक्षी लक्ष्यहरु राखेपनि त्यो प्राप्तिका लागि धेरै कुराको आवश्यकता पर्दछ जसमा स्वास्थ्यको सम्पूर्ण लक्ष्यहरु पूरा गर्न अस्पताल र स्वास्थ्यकर्मीहरु मात्र भएर हुँदैन त्यसका लागि जनस्वास्थ्यमा लगानी तथा जनस्वास्थ्यकर्मीको पनि आवश्यकता हुन्छ ।

**जनस्वास्थ्यकर्मीले के–के काम गर्छन् त?**

**जनस्वास्थ्यकर्मीहरुले स्वास्थ्य सम्बन्धी कुनैपनि विषयमा तलका ५ वटा कामहरु गर्छन**

**स्वास्थ्य प्रवर्द्धनः– स्वास्थ्यसम्बन्धी राम्रा कुराहरुलाई प्रवर्द्धन गर्ने**

**स्वास्थ्य रोकथामः– स्वास्थ्य सम्बन्धी नराम्रा कुराहरुलाई रोकथाम गर्ने**

**रोग प्रतिरक्षा :– खोप सुनिश्चितता गर्ने**

**महामारी तथा रोग नियन्त्रण :– महामारीलाई नियन्त्रण गर्न प्रोत्साहन गर्ने**

**जनस्वास्थ्यकर्मीहरुले अहिले कहाँ–कहाँ र के–के काम गर्दै छन् त?**

नेपालको स्वास्थ्य प्रणालीमा पक्का जनस्वास्थ्यकर्मीहरु सातौं तहमात्र लोकसेवाले लिने भएकाले उनीहरुको दरबन्दी नगरपालिका प्रमुख र त्यो भन्दा माथि मात्र छ भने नेपालमा सबैभन्दा धेरै स्थानीय तह गाँउपालिका (४६० ) रहेका छन् जसमा जुनियर जनस्वास्थ्यकर्मीहरु पालिका प्रमुख भएर चलाइरहेका छन्। जसलेगर्दा जनस्वास्थ्यका कुनै पनि कार्यक्रमहरु सोचेजस्तो सफल हुन सकेका छैनन् र स्वास्थ्यकर्मीहरुको उचित तरिकाले व्यवस्थापन हुन सकेको छैन। नगरपालिकामा वा सो भन्दा माथि जनस्वास्थ्यकर्मीहरुले नीति, योजना बनाउने, स्वास्थकर्मीहरुको उचित व्यवस्थापन गर्ने, स्वास्थको बजेट बनाउने, नगरपालिकाको स्वास्थ्य आवश्यकता अनुसारको सेवा प्रदान गर्ने, नगरपालिका भित्र विभिन्न प्रकारका कार्यक्रमहरु चलाउने, स्वास्थ्यकर्मीहरुलाई तालिम उपलब्ध गराउने, महामारी नियन्त्रण गर्ने र प्रादेशिक, संघीय कार्यक्रमलाई स्थानीय तहमा लागु गर्ने आदि काम गर्दै आउनु भएको छ भने देशको सबैभन्दा धेरै स्थानीय तह रहेको गाउपालिका (४६० ) मा पक्का जनस्वास्थ्यकर्मीहरु नहुदा भने सोचेजस्तो परिणाम पाउन नसकेको अवस्था छ ।

**जनस्वास्थ्यकर्मीहरुले अहिले कहाँ–कहाँ र के–के काम गर्न सक्छन ?**

**जनस्वास्थ्यकर्मीहरुले अहिले स्वास्थ्य मन्त्रालयदेखि प्रत्येक स्थानीय तह सम्म**

**समुदायका मानिसहरुको दैनिक जीवनयापनले स्वास्थमा पार्ने असरहरुको जानकारी दिने**

**समुदायका मानिसहरुको स्वास्थ्य प्रवर्द्धनका लागि वकालत गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्ने**

**समुदायका मानिसहरुलाई रोगविरुदको प्रतिरक्षा सुरक्षित गर्ने**

**आवश्यक स्वास्थ्य संरचना तयार गर्ने**

**आवश्यक स्वास्थ्य नीति, नियम, रणनीतिहरुको तर्जुमा गर्ने**

**आवश्यक स्वास्थ्यसमबन्धी योजना बनाई लागू गर्ने**

**खाध सुरक्षा सुनिश्चितता गर्ने**

**लागूऔषध नियन्त्रण तथा प्रयोग सम्बन्धी आवश्यक स्वास्थ्य नीति, नियम, रणनीतिहरुको तर्जुमा गर्ने**

**स्वास्थ्यकर्मीहरुलाई तालिम उपलब्ध गराउने**

**महामारी तथा प्राकृतिक प्रकोपको तयारी गर्नु वा नियन्त्रण गर्नु**

**जनतालाई आधारभूत स्वास्थ सेवाको सुनिश्चितता गर्ने**

**स्वास्थसम्बन्धी अनुसन्धान गर्ने**

**विद्यालयमा स्वास्थ्य सुधारको लागि पहल तथा प्रवर्द्धन गर्ने**

**पोषणसम्बन्धी योजना बनाई लागू गर्ने**

स्वास्थसम्बन्धी तथ्यांकहरुको प्रयोग तथा विश्लेषण गर्ने आदि धेरै कामहरु गर्न सकिन्छ।

आधुनिक चिकित्साको अवस्था के छ त?

नेपालमा आधुनिक चिकित्सा व्यापकरुपमा विकास भएको पाइन्छ। नेपालको स्वास्थ प्रणालीमा आधुनिक चिकित्साको चौथो, पाचौं, छैटौं, सातौं, आठौं, नवौ र यसमाथि तह हुने भएकाले उनीहरुको दरबन्दी स्वास्थ्य चौकी,स्थानीय अस्पताल,जिल्ला अस्पताल, प्रादेशिक अस्पतालदेखि मन्त्रालय सम्म सबै ठाउँमा छ।

आधुनिक चिकित्सा र जनस्वास्थ्यमा नेपालमा कुन कुन विषयहरु पढाई हुन्छन ?

**जनस्वास्थ्य**

बीपीएच,एमपीएच, एमएस्सी पब्लिक हेल्थ, एमपीएच न्युटेसन, एमपीएच हेल्थ सर्भीस म्यानेजमेन्ट, एमपीएच हेल्थ सर्भीस एजुकेशन एण्ड प्रमोशन लगाएतका कोर्षहरुको पढाई हुन्छ !

**आधुनिक चिकित्सा**

सिएमए, एएनएम, ल्याब असिष्टेन्ट अहिले पढाई हुँदैन तर स्वास्थ प्रणालीमा सबै भन्दा धेरै भएका विषाय हुन्। यसैगरी एचए, स्टाफ नर्स, ल्याब टेक्निसिएन, रेडियोग्राफर, डेन्टल, फार्मेसी, एमबीबिएस, बिडीएस, बीएमएलटी, बी फार्मा, बीएनएस, बिएस्सी नर्सिङ, मिडवाइफ्री, एमएस्सी नर्सिङ, एमएन, एमडीएमएस लगाएतका विषयमा पढाइ हुन्छ ।

# टिआई नेपालद्वारा संसद्को ध्यानाकर्षण



काठमाण्डु । सरकारले संसद्मा प्रस्तुत गरेको सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संशोधन विधेयकमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालले पुनः संसद्को ध्यानाकर्षण गराएको छ।

उक्त विधेयक यथावत् पारित भए भ्रष्टाचार, अवैध सम्पत्तिको चलखेल, दण्डहीनता र कुशासनले प्रोत्साहन पाई मुलुकलाई असफल बनाउन सक्ने भएकाले सरकारको ध्यानाकर्षण गराइएको टिआई नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गद्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ । 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' मा 'सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४' को मूल उद्देश्य नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरणको निवारण हो।

ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा सो सम्पत्तिलाई स्वतः वैधता प्रदान गरिने अर्थात् अवैध तरिकाले आर्जित धनलाई स्वत : वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग गराउन सांसद र संसद्को ध्यानाकर्षण गराएको उहाँले बताउनुभयो । नेपाल भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएकाले अवैध तरिकाले आर्जित धनलाई कुनै पनि बहानामा वैध तुल्याउने बाटो खोल्नु उक्त महासन्धिको प्रतिकूल हुने विज्ञप्तिमा उल्लेख छ।

अदालतले सम्पत्ति शुद्धीकरण मूल कसुरको सह उत्पादन भएको र मूल कसुर लुकाएर आर्जित सम्पत्ति बैध देखाउन गरिने कार्यलाई अपराधको कोटीमा राख्ने नजीर कायम गरिसकेकाले त्यसलाई बेवास्ता गर्नु कानुनी राज्यको अवधारणा प्रतिकूल हुन जाने विज्ञप्तिमा भनिएको छ । भ्रष्टाचार निवारण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संशोधन विधेयकमा व्यक्ति वा समूह विशेषको निहित स्वार्थ-पोषणप्रति अभिलक्षित कुनै पनि तह वा निकायको निर्णय ' नीतिगत निर्णय' को परिभाषाभित्र नपर्ने स्पष्ट व्यवस्था गर्न टिआई नेपालले माग गरेको छ।

भ्रष्टाचारको मुद्दा चलाउने हदम्याद 'थाहा पाएको मितिले पाँच वर्ष हुने' प्रावधानले राजनीतिक दबाबका कारण तामेलीमा राखिँदै आएका ठूला भ्रष्टाचारका मुद्दा मात्र नभइ, वर्षौंदेखि सार्वजनिक जानकारीमा आइसकेका तर कानुनी कारबाही अघि नबढाइएका उच्च तहका भ्रष्टाचारका मुद्दासमेत अनुसन्धानको दायराबाटमुक्त हुने अवस्था सिर्जना हुन जाने र यस्तो प्रावधान ठूला भ्रष्टाचारीलाई उन्मुक्ति दिने जस्केलो बन्न पुग्ने अध्यक्ष प्रधानाङले बताउनुभयो।

नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र रहेको र यसले निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई फौजदारी कसुर मानी घुस लिने र दिने दुवै पक्षलाई कानुनी दायरामा ल्याउनुपर्ने स्पष्ट उल्लेख गरेकामा तदनुरूप स्पष्ट कानुनी प्रावधानको व्यवस्था गर्न र नियमनकारी निकायलाई चुस्तदुरुस्त बनाउनेतर्फ ध्यान पुऱ्याउनुपर्नेमा टिआई नेपालको जोड छ।

भ्रष्टाचार नियन्त्रणका विभिन्न निकाय र विविध कानूनी प्रावधान हुँदाहुँदै नेपालमा ठूला भ्रष्टाचारीले दण्डहीनताको निर्बाध उपभोग गर्दै आएकाले उक्त संशोधन विधेयकले त्यस्ता भ्रष्टाचारीलाई उन्मुक्ति दिने थप गल्छेडाको सिर्जना नगरोस् भन्नेतर्फ टिआई नेपालले पुनः संसद्को ध्यानाकर्षण गराएको विज्ञप्तिमा उल्लेख छ। रासस

# प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न विश्वविद्यालय लाग्नुपर्छः प्रधानमन्त्री प्रचण्ड

काठमाण्डु । प्रधानमन्त्री एवम् सुदूरपश्चिम विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले आन्तरिक सुधारमा केन्द्रित हुन विश्वविद्यालयका पदाधिकारीलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित सुदूरपश्चिम विश्वविद्यालयको ११औँ सिनेट बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले राज्यको सीमित स्रोत र साधनका बाबजुद विश्वविद्यालयको आफ्नै बलबुतामा आन्तरिक सुधारको काम अगाडि बढाउन निर्देशित गर्नुभयो।

"राज्यको साधन स्रोतको सीमितता, विश्वबजारको प्रभावका बाबजुद पनि विश्वविद्यालयको आफ्नै बलबुता र मेहनतमा शैक्षिक गुणस्तर, प्रशासनिक सुधार र कार्यशैलीका दृष्टिले धेरैहदसम्म सुधार गर्नसकिने शैक्षिक जगतमा प्रशस्त दृष्टान्त छन्", उहाँले भन्नुभयो।



प्रधानमन्त्री प्रचण्डले विश्वविद्यालयका पदाधिकारीले आफ्नो सापेक्षतामा उच्चशिक्षाको गुणस्तर अभिवृद्धि, संस्थागत र संरचनागत सुधारका क्षेत्रमा के-कस्ता काम गर्न सकिन्छ, सोको गहिरो अध्ययन गरी सुदूरपश्चिम विश्वविद्यालयलाई देशकै उत्कृष्ट र नमुना विश्वविद्यालयका रूपमा स्थापित गर्न निर्देशन दिनुभयो।

विश्वविद्यालयले स्थापनाको छोटो अवधिमै नेपालको उच्चशिक्षाको विकासमा प्रशंसनीय भूमिका निर्वाह गरिरहेको चर्चा गर्नुहुँदै प्रधानमन्त्रीले उच्चशिक्षालाई समयसापेक्ष, बजारमुखी र विश्वबजारमा प्रतिस्पर्धी बनाउनेतर्फ समयसापेक्ष रूपमा अगाडि बढ्नुपर्ने बताउनुभयो । सेमेस्टर प्रणालीमा आधारित स्नातक र स्नातकोत्तर तहका कार्यक्रमलाई सुव्यवस्थित बनाउँदै दर्शनाचार्य तथा विद्यावारिधि कार्यक्रम सञ्चालन गरी अनुसन्धानमूलक गतिविधिलाई प्राथमिकता दिइनु आफैमा महत्वपूर्ण र प्रशंसनीय रहेको उहाँको भनाइ छ।

विश्वविद्यालयले आफूलाई नेपालको उच्चशिक्षाको थलोको रूपमा स्थापित गरी देशको आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै जानुपर्ने उहाँको भनाइ छ । अनुसन्धान कार्यलाई आर्थिक तथा सामाजिक विकाससँग जोडी विज्ञान तथा प्रविधिका विषयलाई उच्च प्राथमिकतामा राखेर दक्षजनशक्ति उत्पादन गरी देशको बेरोजगारी र गरीबी न्यूनीकरण गर्नेतर्फ पनि विश्वविद्यालयले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा प्रधानमन्त्रीको जोड थियो।

विश्वविद्यालय विकासको प्रारम्भिक अवस्थामै रहेकाले जनशक्ति, भौतिक संरचनाको अभावसँगै स्रोत साधनसम्बन्धी प्रशस्त समस्या रहेकामा आफू जानकार रहेको उल्लेख गर्दै उहाँले समस्या पहिचान गरी समाधान गर्न गम्भीर प्रयत्न गर्नुपर्ने बताउनुभयो। विद्यमान समस्या समाधान गर्न सम्बन्धित सबै पक्षको सहकार्य आवश्यक हुने भएकाले विश्वविद्यालयका पदाधिकारी, शिक्षक र कर्मचारी तथा समुदायसँग छलफल गरी यस शैक्षिक संस्थाको उन्नति, विकास र सहयोगका लागि सरकार सदैव गम्भीर रहेको प्रधानमन्त्रीको भनाइ छ।

> विश्वविद्यालयले देशलाई कुन किसिमको जनशक्तिको आवश्यकता छ त्यसैअनुसार जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्नतिर ध्यान दिनुपर्ने देखिन्छ ।

सुदूरपश्चिम प्रदेशभित्रका १५ वटा क्याम्पसलाई आङ्गिक क्याम्पसका रूपमा विश्वविद्यालमा समायोजन गर्ने कार्यलाई पूर्णता दिन गर्नुपर्ने आवश्यक प्रक्रिया पूरा गरी थप ११ वटा क्याम्पसलाई पनि समायोजन गर्नका लागि सरकारका तर्फबाट गर्नुपर्ने काम अगाडि बढाइने प्रधानमन्त्री प्रचण्डले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "दक्ष र अर्धदक्ष जनशक्ति रोजगारीको खोजीमा विदेशिनुपर्ने अवस्था रहेको कटु यथार्थ हाम्रो सामू छ । अब हाम्रो शिक्षा नीति र विश्वविद्यालयहरूले रोजगारीका लागि विदेशिनुपर्ने यस अवस्थाको अन्त्य गर्ने योजनाहरू अगाडि बढाउनुपर्दछ। यसरी युवा विदेशिनुको मुख्य कारण शिक्षाको कमजोर गुणस्तर र गरिबी नै हुन् ।"

उहाँले शिक्षाको गुणस्तरमाथि उकास्न सके र देशभित्र रोजगारीको अवसर सिर्जना भए युवा विदेशिने क्रमलाई रोक्न सकिने प्रधानमन्त्रीको भनाइ छ। विश्वविद्यालयमा पढ्दै र कमाउँदै कार्यक्रम लागू गर्न सकिए बीचमै विश्वविद्यालयको पढाइ छोडेर विद्यार्थी विदेशिने समस्या एक हदसम्म समाधान हुने सम्भावना आफूले देखेको उहाँको भनाइ छ।

"कुन क्षेत्रमा कुन किसिमको कति जनशक्ति आवश्यक पर्दछ भन्ने कुरा अध्ययन गरी त्यसैअनुसार सम्बन्धित विषयमा कोटा निर्धारण गरी विश्वविद्यालयले विद्यार्थी भर्ना लिने र उत्पादित जनशक्तिले प्राप्त गरेको ज्ञान र सीपअनुसार देशभित्र काम पाउने वातावरण निर्माण गर्न सकिए शैक्षिक बेरोजगारीको समस्या व्यवस्थापन गर्न सकिन्छ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो "विश्वविद्यालयले देशलाई कुन किसिमको जनशक्तिको आवश्यकता छ त्यसैअनुसार जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्नतिर ध्यन दिनुपर्ने देखिन्छ।"

शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता दिएर आधुनिक र मर्यादित तुल्याउन सकिए मात्र २१औँ शताब्दीको मंगलबारको विश्वमा प्रतिस्पर्धा गर्न योग्य एवं समाज र राष्ट्रका निम्ति कर्मठ र लगनशील नागरिक उत्पादन गर्न सकिने प्रधानमन्त्रीको भनाइ छ। उच्चशिक्षालाई किताबी ज्ञानमा मात्र सीमित नराखी अनुसन्धानमा आधारित बनाउनुपर्ने स्पष्ट पार्दै प्रधानमन्त्रीले त्यस्ता अनुसन्धान देशको सर्वाङ्गीण विकासमा केन्द्रीत हुनुपर्ने बताउनुभयो । कार्यक्रममा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री अशोक राई, विश्वविद्यालयका पदाधिकारीको सहभागिता थियो। रासस

# परराष्ट्रमन्त्रीसँग समावेशीबारे जानकारी लिँदै समिति

काठमाण्डु । ससदीय सुनुवाइ समितिले प्रस्तावित छ राजदूत सिफासिका सम्बन्धमा उठेको समावेशीको मुद्दाका विषयमा परराष्ट्रमन्त्रीसँग परामर्श गर्ने निर्णय गरेको छ। समितिले विभिन्न मुलुकका लागि प्रस्तावित राजदूत र नियोग प्रतिनिधि उपर परेका उजुरीको अध्ययनपछि समावेशीका विषयमा मन्त्रीलाई आगामी बैठकमा बोलाएर जानकारी लिने निर्णय गरेको हो।

सरकारले परराष्ट्र सेवामा रहनुभएका सहसचिव लोकबहादुर थापालाई (न्यूयोर्कस्थित नेपाली स्थायी नियोग प्रतिनिधि), रामप्रसाद सुवेदी (स्वीट्जरल्याण्ड), सुधीर भट्टराई (फ्रान्स), घनश्याम लम्साल (कुवेत), तेजबहादुर क्षेत्री (संयुक्त अरब इमिरेट्स) र धनबहादुर ओलीलाई (थाइल्याण्ड)का लागि राजदूत प्रस्ताव गरी सुनुवाइका लागि समितिमा पठाएको थियो।

परराष्ट्रमन्त्रीसँग जानकारी लिएपछि समितिले प्रस्तावित राजदूतसँग योग्यता, कार्यदेश, अवधारणा र सोचबारे जानकारी लिनेछ। यसअघि समितिले उहाँहरूको राजदूतमा नियुक्तिका सम्बन्धमा कुनै गुनासो वा उजुरी भए १० दिने सार्वजनिक सूचना जारी गरेकामा पाँच वटा उजुरी परेका थिए। उजुरीमध्ये एउटा संविधानको मर्म र भावनाअनुरुप समावेशी सिद्धान्तबारे प्रश्न उठाइएको थियो।

बैठकमा सदस्यहरूले समावेशीसम्बन्धी प्रश्नबारे सम्बन्धित पक्षसँग जानकारी माग गर्नुपर्ने तथा उजुरीका नाममा प्रस्तावित राजदूतको मानमर्दन हुने बिनाआधार र प्रमाण दोषारोपण गर्ने प्रवृत्तिलाई रोक्न जरुरी रहेको सुझाव प्रस्तुत गर्नुभयो। पेशेवर व्यक्तिबाट दिइने यस्ता न्यूनतम आधार र प्रमाण नपुगेको उजुरी हाल्नेलाई नबोलाउने विषय बैठकमा सदस्यहरूबीच सहमति भएको छ।

ज्येष्ठ सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले जस्तो व्यक्ति सिफारिस गरेपनि सदर गर्ने हुलाक कार्यालयको स्ट्याम्प जस्तो समितिलाई बनाउन नहुने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय एकताका लागि समावेशीता आवश्यक छ, समावेशीताका विषयमा समितिको चासोबारे परराष्ट्रमन्त्रालयलाई पत्र पठाउनुपर्छ। दूतावास खाली नराखौं, यथाशीघ्र सुनुवाइ अघि बढाऔं।" रासस

# राष्ट्रपति पौडेललाई कोप-२८ मा निमन्त्रणा



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेललाई जलवायु परिवर्तनसम्बन्धीसंयुक्तराष्ट्रसङ्घीय शिखर सम्मेलन (कोप-२८) मा निमन्त्रणा गरिएको छ।

संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलन आगामी नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिखसम्म संयुक्त अरब इमिरेट्स (यूएई)को दुबईमा हुँदैछ। नेपालका लागि यूएईका राजदूत अब्दुल्ला सइद मुबारक जर्वान अल शाम्सीले मंगलबार राष्ट्रपतिसँग भेट गरी सो निमन्त्रणा गर्नुभएको राष्ट्रपतिका परराष्ट्र विज्ञ डा सुरेश चालिसेले जानकारी दिनुभयो।

विश्व जलवायु कार्य शिखर सम्मेलनमा सहभागी हुन संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानले पठाउनुभएको पत्र राष्ट्रपति पौडेललाई राजदूतले हस्तान्तरण गर्नुभएको हो।

राष्ट्रपति पौडेललाई जलवायु सम्मेलनका अवसरमा औपचारिक रूपमा सुरु हुने 'वर्ल्ड क्लाइमेट एक्सन समिट' तथा डिसेम्बर १ र २ मा आयोजना हुने युएईको ५२औँ राष्ट्रिय दिवसको विशेष समारोहमा सहभागिताका लागि निमन्त्रणा गरिएको छ। रासस

# कांग्रेसको प्रचार विभागको निर्देशिका परिमार्जनसहित पारित

काठमाण्डु। नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभागले आफने निर्देशिका, २०८० सामान्य परिमार्जनसहित सर्वसम्मतले पारित गरेको छ।

विभागको मंगलबार बसेको बैठकले सो निर्देशिका पारित गरेको पार्टी कार्यालयले जनाएको छ। विभाग प्रमुख मीनबहादुर विश्वकर्माको अध्यक्षतामा बसेको बैठकले पुस्तकालय व्यवस्थापन तथा सञ्चालनका लागि कांग्रेस केन्द्रीय कार्यालयसँग समन्वय गर्ने निर्णय गरेको छ । यसैगरी विभागका प्रमुख एवं सदस्यबीच सूचना प्रविधिसम्बन्धी पुनर्ताजगी कार्यक्रम गर्ने र सोको मिति, समय र स्थान प्रमुखले तोक्ने तथा नियमन तथा व्यवस्थापन गर्ने उद्देश्यले पार्टीका यस विभागको सबै तहका समितिलाई केन्द्रीय कार्यालयको जस्तै फेसबुक एकाउण्ट खोल्न आग्रह गर्ने निर्णय गरेको छ।

यसैगरी बैठकले लोकतन्त्रमा आस्था राख्ने सञ्चार गृह र सञ्चारकर्मीको विवरण प्रेस युनियनसँग समन्वय गरी सङ्कलन गर्ने निर्णय गरेको पार्टी कार्यालयले जनाएको छ। रासस

# फोहरबाट मोहर बनाउने अभियानमा ध्यान दिनु आवश्यक छ : मन्त्री मोदी

पाटन। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले फोहरबाट मोहर बनाउने अभियानमा ध्यान दिन आवश्यक भएको बताउनुभएको छ।

फोहरमैला व्यवस्थापनसम्बन्धी कानूनको अन्तिम मस्यौदा तयारीका लागि मंगलबार ललितपुरमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रममा उहाँले भन्नुभयो,"फोहरबाट कसरी मोहर निकल्ने, यसलाई पुनः प्रयोगमा ल्याएर कसरी बहुउपयोगी बनाउने भन्ने सन्दर्भमा पनि हामीले ध्यान दिनुपर्छ। फोहरलाई व्यवस्थापन गर्दै पुनः प्रयोगका लागि ल्याउन उद्योगको रूपमा समेत कसरी विकास गर्ने भन्नेतिर ध्यान दिएर काम गर्न जरुरी छ।'

उहाँले फोहरमैला व्यवस्थापनमा प्रभावकारी कानून निर्माणका लागि मन्त्रालयले मस्यौदा तयारीको काम अन्तिम चरणमा पुऱ्याएकाले मौजुदा कानूनमा उचित सुझाव दिनसमेत आग्रह गर्नुभयो। सबैका सुझावलाई समेटेर नै कानून निर्माण गर्ने आफ्नो र मन्त्रालयको सोच रहेको उहाँको भनाइ थियो।

मन्त्री मोदीले प्रशासनिक क्षेत्रको सुधारदेखि ऐन निर्माणसम्मका काममा मन्त्रालयले ध्यान दिइरहेको बताउनुभयो। मन्त्रालयले सङ्घीय निजामती सेवा ऐन, फोहरमैला व्यवस्थापनसम्बन्धी कानून, ढुङ्गा गिट्टी बालुवासम्बन्धी कानून निर्माणलाई अन्तिम चरणमा पुऱ्याएकोसमेत उहाँले बताउनुभयो।

सङ्घीय मामिला मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले फोहरमैला व्यवस्थापनका विषयमा सङ्घीय ऐनमा नपरेका कुरा प्रदेश र स्थानीय तहले कानून बनाएर सम्बोधन गर्नसक्ने बताउनुभयो।"नेपाल सरकारको कार्य विभाजनअनुसार फोहरमैला व्यवस्थापन, नीति निर्माण, कानून बनाउने काम सङ्घीय मामिला मन्त्रालय र स्थानीय तहको हो। मन्त्रालयले समन्वय र सहजीकरण गर्नसक्छ, नेतृत्व गर्नुपर्ने संवैधानिक र कानूनी दायित्व सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई छ', उहाँले भन्नुभयो।

प्रधानमन्त्रीका सरसफाइविज्ञ खेम शर्माले पालिका र पालिकाअन्तर्गतका निकायको सरसफाइको गुणस्तरमा वृद्धि गर्दै सरसफाइमा आधुनिक सामान र उचित रसायन अनिवार्यरूपमा प्रयोग गर्नुपर्ने, सुरक्षासहितको पोसाक प्रयोग गर्नुपर्ने, सरसफाइ अडिट गर्ने व्यवस्था मिलाउनुपर्ने धारणा राख्नुभएको थियो।

काठमाण्डु महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलले ऐन बनाउँदा वर्तमान मात्रै नभई भविष्यलाई पनि हेरेर कार्यान्वयन गर्न सजिलो हुने गरी बनाउनुपर्ने बताउनुभयो।"ऐन बनाउँदा वर्तमान मात्रै नभई भविष्यलाई पनि हेरेर कार्यान्वयन गर्न सजिलो हुने गरी बनाइनुपर्छ। सवारी साधनबाट आउने फोहर व्यवस्थापनका कुरा, प्लास्टिक बोतलको प्रयोगलाई निरुत्साहित गरिनुपर्ने व्यवस्था, फोहरमैला वर्गीकरणमा सङ्क्रमणजन्य फोहरलाई उत्पादनको स्रोतमा नै प्रशोधन गर्ने व्यवस्था हुनुपर्छ' उहाँले भन्नुभयो।

उहाँले इलेक्ट्रोनिक फोहर व्यवस्थापनका कुरा र दिसाजन्य फोहर व्यवस्थापन र प्रशोधनका कुरालाई विकल्पसहित कानून ल्याइनुपर्नेमा जोड दिनुभयो। रासस

# घटना नदोहोरिने गरी काम गर्न समितिको निर्देशन



काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिले यही साउन ७ गते रानीबारीस्थित सामाखुसीमा भएको दुर्घटनामा परी बेपत्ता भएका विधान आलेमगरको खोजी गर्न र त्यस्ता घटना नदोहोरिने गरी काम गर्न सरकारलाई निर्देशन दिएको छ।

वर्षात्का समयमा यस्ता घटना अन्यत्र नदोहोरिने गरी काम गर्न समितिले भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, खानेपानीलगायत सरकारी निकायलाई निर्देशन दिएको हो।

समितिले भौगोर्भिक अध्ययन नगरी नदी किनारमा बस्ती नबसाल्न, काठमाडौं उपत्यकाका खोलानालाको सफाइ गर्न पनि सरोकार भएका निकायलाई निर्देशन दिएको छ । बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सामाखुसीमा भएको जस्ता घटना दोहोरिन नदिन विभिन्न निकाय संलग्न हुनुपर्ने भएकाले सबै मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । चक्रपथको ढल सामाखुसीमै मिसिने भएकाले व्यवस्थापनका लागि मन्त्रालय र त्यस अन्तर्गतका निकायले काम गर्ने उहाँको भनाइ थियो।

> सांसद प्रदीप पौडेलले चक्रपथबाट निस्कने ढललाई विष्णुमतीमा जाने गरी व्यवस्थापन गर्न सडक विभागलगायत सरोकार भएका निकायसँग माग गर्नुभयो ।

वर्षातमा मानिसको जीउ, धन, सम्पत्तिको सुरक्षाका लागि काम गर्न सरकारले कुनै कसर बाँकी नराख्ने मन्त्री ज्वालाले स्पष्ट पार्नुभयो।

समितिका ज्येष्ठ सदस्य लालवीर चौधरीले पूर्वाधार निर्माण गर्दा आइपर्ने यस्ता समस्या समाधान गरेर अघि बढ्न निर्देशन दिनुभएको थियो । सांसद राजेन्द्र बजगाईंले सडक विस्तार गर्दा अपाङ्गतामैत्री नबनाउँदा र काम सुरु गरेर अलपत्र छोड्दा सामाखुसीमा घटना घटेको बताउनुभयो।

सांसद प्रदीप पौडेलले चक्रपथबाट निस्कने ढललाई विष्णुमतीमा जाने गरी व्यवस्थापन गर्न सडक विभागलगायत सरोकार भएका निकायसँग माग गर्नुभयो । सांसद ठाकुर गैरेले सामाखुसीमा भएजस्ता घटना दोहोरिन नदिने गरी सरोकारवाला सबैको समन्वय आवश्यक रहेको बताउनुभयो।

बैठकमा सांसदहरू बिना लामा, माधव सापकोटा, ऐनबहादुर शाही, प्रेम महर्जन, दीपकबहादुर सिंह, सन्तोष परियार, निशा डाँगीलगायत धारणा राख्नुभएको थियो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवप्रसाद शर्माले काठमाडौं उपत्यकाको प्राकृतिक ढल व्यवस्थापन बिग्रिएको र आधुनिक ढल व्यवस्थापनमा धेरै निकाय संलग्न हुने भएकाले पनि समस्या भएको बताउनुभयो । काठमाडौंका एक चौथाइ सडकमात्र विभागले हेर्ने भएकाले पनि कहाँ के भइरहेको छ ? भन्ने कुराको जानकारी मन्त्रालयबाट मात्र पाउन नसकिने उहाँको भनाइ छ। रासस

# केरलाका ११ महिला सफाईकर्मी जसले जिते १० करोडको चिठ्ठा

**बीबीसी**

केरला । जुनमा केरलाका ११ जना महिलाले आफ्नो पैसा जम्मा गरेर लटरी टिकट किनेका थिए। गत हप्ता त्यो टिकटमा १० करोडको ज्याकपट निस्कियो। यी सबै महिला केरलाको मलाप्पुरम जिल्लाको परप्पानंगाडी सहरमा र्‍याग पिकरको काम गर्छन्। यी महिलाले दिनमा करिब २५० रुपैयाँ कमाउँछन् । उनीहरूले प्रत्येक घरबाट फोहोर उठाउन निश्चित रकम पाउँछन् । उनीहरूले महिनाको अन्त्यमा समान रकम आपसमा बाँड्छन् ।



कहिलेकाहीँ उनीहरूले स्थानीय नगरपालिकाले छुट्याइएको फोहोर बेचेर कमाउने आम्दानीबाट केही पैसा पाउँछन् । यही आम्दानीले आफ्नो कामले मात्र पुग्थ्यो भन्ने यी महिलाहरू बताउँछन् । अधिकांशले आफ्ना छोराछोरीको पढाइ आदिका लागि ऋण लिएका छन् । यही कारणले गर्दा उनी बीचमा पैसा जम्मा गरेर एक वा अर्को लटरी टिकट किनिरहन्छन् । भारतका अधिकांश राज्यहरूमा लोटरीहरू प्रतिबन्धित छन्, तर केरलामा, राज्य सरकारले आफैंले धेरै लोकप्रिय लटरी सञ्चालन गर्दछ। तर केरलामा निजी चिठ्ठाहरू पनि प्रतिबन्धित छन् ।

**कसरी लटरी किन्न**

सांसद राधाले सधैं यी ११ महिलाको समुहबाट पैसा उठाएर टिकट किन्दै आएकी छन् । राधा भन्छिन्-‘एक पटक हामीले एक हजार रुपैयाँ जित्यौं, हामीले यसलाई समान रूपमा बाँड्यौं ।’ गत महिना, समूहले राज्य सरकारको मनसुन बम्पर चिठ्ठाको लागि २५० रुपैयाँको टिकट किनेको थियो। बम्पर लटरीहरू प्रायः कुनै ठूला अवसर वा चाडपर्वमा आयोजना गरिन्छ र तिनीहरूको पुरस्कार राशि पनि सामान्य चिठ्ठाहरू भन्दा धेरै हुन्छ। ७२ बर्षीया कुट्टीमालुले राधाले टिकट किन्न पैसा जम्मा गरिरहँदा २५० रुपैयाँको टिकटमा आफ्नो सेयर तिर्ने पैसा पनि नभएकाले निकै दुःखी भएको बताइन् ।

‘हाम्री सहकर्मी चेरुमन्नाली बेबीले आफूसँग २५ रुपैयाँ छ र त्यसको आधा मलाई उधारो दिन सक्ने बताइन्’ कुट्टीमालुले बताइन् । त्यसैले दुवै महिलाले मिलेर साढे बाह्र रुपैयाँ राधालाई २ सय ५० टिकट किन्न शेयर दिए। बाँकी नौ महिलाले सेयरबापत रु २५/२५ जम्मा गरेकी छन् । कुट्टीमालु भन्छिन्-‘हामीले जित्यौं भने सबै पैसा बराबर बाँड्ने निर्णय गरिसकेका थियौं । यति ठूलो रकम जित्छौं भन्ने सोचेका थिएनौं ।’ यी महिलाहरूले ड्रको एक दिन पछि आफ्नो जितको बारेमा थाहा पाए । वास्तवमा, यी मध्ये एक महिलाले आफ्नो पतिलाई चिठ्ठाको नतिजा पत्ता लगाउन आग्रह गरे ।

राधाले भनिन्-‘हामीले चौथो पटक बम्पर पुरस्कारको टिकट किनेका थियौं । र चौथो पटक हाम्रो भाग्यको ढोका खुल्यो । ६२ बर्षीय बेबीले यति ठूलो चिठ्ठा जितेको कुरा पत्याउनै सक्दैनन् । ‘भाग्यले हाम्रो पक्षमा कहिल्यै साथ दिएको छैन’, उनले भनिन् । सन् २०१८ मा केरलामा आएको भीषण बाढीमा उनको घर बगेको थियो । अब उनी जितेको पैसाले घर बनाउन चाहन्छिन् र उधारिएको पैसा फिर्ता गर्न चाहन्छिन् । समूहका अन्य महिलाहरुको पनि यस्तै योजना छ ।

५० बर्षीय के. विन्दुका श्रीमानको गत वर्ष मृगौला फेल भएर मृत्यु भएको थियो । उनको परिवारसँग मृगौला प्रत्यारोपणका लागि पैसा थिएन र उनीहरूले उनलाई बचाउन सकेनन्। के. विन्दु भन्छिन्-‘हामीले डायलासिसको लागि जम्मा गरेको पैसाले मेरो श्रीमान् चिठ्ठाको टिकट किन्ने गर्थे। हामीले घर बनाइरहेका थियौँ, उनले पूरा गर्न सकेनन्। अब पूरा गर्छु ।’ बिन्दु आफ्नी १५ वर्षकी छोरीलाई राम्रो शिक्षा दिन चाहन्छिन् ताकि उनले जागिर पाउन सकून् ।

४९ बर्षीय लक्ष्मी बम्पर लटरीको अघिल्लो रातसम्म आफ्नो परिवारको भविष्यलाई लिएर निकै चिन्तित रहेको बताइन् । उनका श्रीमान् निर्माण मजदुर हुन् तर केरलामा भारी वर्षाका कारण राज्यमा निर्माण कार्य ठप्प भएको र धेरै दिनदेखि काम पाएकी छैनन् । अहिले यो जोडीलाई छोरीको पढाइको चिन्ता छैन ।

५६ बर्षीय लीला आफ्नी छोरीको शल्यक्रियाका लागि कसरी पैसा जुटाउने भन्ने चिन्तामा थिइन् । उनी भन्छिन्, ‘उनको विवाहको लागि घर धितो राखेर ऋण लिएको छु ।

सरकारलाई कर बुझाएपछि समूहले ६ करोड ३० लाख रुपैयाँ पाउनेछ । बेबी र कुट्टीमालुले आफ्नो सेयरको ६३ लाख आधामा बाँड्नेछन् । बाँकी नौ महिलाले ६३ लाख पाउनेछन् । सुचित्वा मिसनका निर्देशक केटी बालाभास्करन बताउँछन्, फोहोर जम्मा गर्नुका साथै सार्वजनिक शौचालय निर्माणमा पनि यी महिला मजदुरको काम गर्छन् । यो एजेन्सीले केरलामा सार्वजनिक शौचालय निर्माण गर्ने प्रयासलाई समन्वय गर्छ । लटरी जितेर भोलीपल्ट शुक्रबार यी सबै महिला सुचित्वाको कार्यालय पुगेका थिए । लीला भन्छिन्, ‘हामीले यो कामलाई कदापि नछोड्ने निर्णय गरेका थियौं किनभने यही कामले गर्दा हामीले यो समृद्धि पाएका हौं ।

# आइसिसी महिला विश्वकपको एसिया छनोटमा २४ खेलाडी छानिए



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले आइसिसी महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोट प्रतियोगिताका लागि मंगलबार २४ खेलाडी छनोट गरेको छ ।

मलेसियामा आयोजना हुने उक्त प्रतियोगितामा रुविना क्षेत्रीको कप्तानीमा क्यानले २४ खेलाडी छनोट गर्दै बन्द प्रशिक्षणमा बोलाएको हो । विश्वकपको एसिया छनोट आगामी अगष्ट २८ देखि सेप्टेम्बर ६ तारिखसम्म हुनेछ ।

एशिया छनोटमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जसमा नेपाल समूह ‘ए’ मा छ । नेपालको समूहमा आयोजक मलेसियासँगै भुटान, बहराइन, कतार र संयुक्त अरब इमिरेट्स (युएई) छन् । यसैगरी समूह ‘बी’ मा कुवेत, चीन, हङकङ, म्यान्मार र थाइल्याण्ड छन् । आ-आफनो समूहमा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले सेमिफाइनल खेल्नेछन् ।

फाइनल पुग्ने दुई राष्ट्रले भने बङ्गलादेशमा सन् २०२४ मा आयोजना हुने महिला विश्वकप प्रतियोगितामा स्थान पक्का गर्नेछन् ।

नेपाली टोलीका लागि छनोट हुनेमा नेपाली टोलीकी कप्तान रुविनासहित सीता रानामगर, इन्दु बर्मा, अप्सरी बेगम, कविता कुँवर, कविता जोशी, अस्मिना कर्माचार्य, ईश्वरी विष्ट, कृतिका मरासिनी, बिन्दु रावल, नेरी थापा, काजोल श्रेष्ठ र सम्झना खड्का छन् ।

त्यसैगरी सरस्वती चौधरी, स्नेहा महरा, सृष्टि जैशी, कञ्चन श्रेष्ठ, रोमा थापा, सवनम राई, पूजा महतो, खुसी डङ्गोल, मनिषा चौधरी, ज्योति पाण्डे र रुवि पोडार पनि छनोटमा परेका छन् । रासस

# सैनिक सरकारद्वारा नेत्री सूचिलाई आंशिक माफी

**एएफपी**

याङ्गुन। हिरासतमा रहनुभएकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सूचिलाई सैनिक सरकारले आंशिक माफी दिएको छ । उहाँमाथि लगाइएका पाँच वटा आपराधिक मुद्दामा माफी दिइएको म्यान्माको सरकारी सञ्चारमाध्यमले जनाएको छ । यद्यपि उहाँले अझै १४ अन्य वटा मुद्दा खेप्नुपरेको छ ।



बुधबार पर्ने आषाढ पूजाका अवसरमा आज सात हजार बन्दीलाई रिहाइको घोषणा गरेसँगै ७८ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता सूचि विरुद्धका पाँच वटा मुद्दालाई मुलत्वीमा राखेर क्षमादान गरिएको हो ।

राज्य प्रशासन परिषद्का अध्यक्षले सूचिलाई माफी दिनुभएको सरकारी खबरमा भनिएको छ । उहाँमाथि भ्रष्टाचार, गैरकानुनीरूपमा सञ्चार उपकरण ‘वाकिटकी’ राखेको तथा कोरोना भाइरसविरुद्धका नियम पालना नगरेकोलगायत अपराधमा दोषी ठहर गर्दै ३३ वर्षको कारबासको सजाय तोकिएको छ ।

दुई वर्षअघि नेश्नल लिग फर डिमोक्रेसीकी नेत्री सूचिको सरकारलाई अपदस्थ गरेयता म्यान्माका विभिन्न भागमा त्यसको विरोधमा उत्रेकामाथि सैनिक सरकारले व्यापक धरपकड एवम् दमन गरेको छ भने समग्र देश रक्तपातपूर्ण हिंसाको चपेटामा परेको छ ।

सैनिक शासनविरुद्धको आन्दोलनमा करिब छ हजार सर्वसाधारण मारिएका छन् भने हजारौँ घाइते भएका विवरण सार्वजनिक भएका छन् । म्यान्माका स्थानीय निकायले तीन हजार आठ सय जनाभन्दा बढीले ज्यान गुमाएका बताएको छभने सैनिक अधिकारीले त्यो सङ्ख्या पाँच हजारको हाराहारीमा पुगेको जनाएका छन् ।

म्यान्माको सैनिक सरकारले सङ्कटकालीन छ महिना लम्ब्याउँदै आम निर्वाचनमा विलम्ब हुने सङ्केत गरेको छ । संविधानतःसङ्कटकालीन अवस्था अन्त्य भएको छ महिनाभित्र आम निर्वाचन गराउनुपर्छ । म्यान्मा परिषद्का कार्यवाहक अध्यक्ष मिन्ट स्वेले आजदेखि छ महिनासम्म सङ्कटकाल थपिएको सोमबार घोषणा गरेका थिए ।

# बङ्गलादेशमा डेङ्गुका कारण जुलाईमा दुई सयभन्दा बढीको मृत्यु

**सिन्हवा**

ढाका । बङ्गलादेशका स्वास्थ्य अधिकारीहरूले सोमबार थप चार जनाको डेङ्गुका कारण मृत्यु भएको पुष्टि गरेका छन् ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशनालय (डीजीएचएस) ले सार्वजनिक गरेको तथ्याङ्कअनुसार देशभर यो वर्ष हालसम्म डेङ्गुका कारण मृत्यु हुनेको संख्या २५१ पुगेको छ भने सङ्क्रमितको संख्या ५१ हजार ८३२ पुगेको छ ।

लामखुट्टेको टोकाइबाट सर्ने यो रोग गत असारमा पाँच हजार ९५६ जनामा सङ्क्रमण भएको देखिएको थियो । जुलाईमा सङ्क्रमित संख्यामा थप ४३ हजार ८५४ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

स्थानीय समयअनुसार सोमबार बिहान ८ बजेसम्म पछिल्लो २४ घण्टामा ढाकामा एक हजार १६८ सहित दुई हजार ६९४ जना नयाँ डेङ्गुका बिरामी फेला परेका छन् ।

यस वर्षको जनवरीदेखि जुलाईसम्म देशभरका विभिन्न अस्पतालबाट उपचार गराएर ४२ हजार १९५ जना डेङ्गुका बिरामी घर फर्केका छन् । डेङ्गुको बढ्दो संख्यासँग जुध्न बङ्गलादेशका स्वास्थ्य अधिकारीहरूले लामखुट्टेको प्रजनन रोक्न र लार्भा विरोधी अभियान सञ्चालन गर्न उपायहरू कडा पारेका छन् ।

## दृष्टिविहीनको प्याराग्लाइडिङ अनुभव

# ‘सपना देख्न आँखा होइन, हिम्मत चाहिन्छ, त्यो कहिल्यै अपाङ्गता हुँदैन’

कास्की । साहसिक खेल प्याराग्लाइडिङ गरेर फेवाताल किनारमा उत्रिएपछि सुनिता दबाडीमा खुसीको सीमा थिएन । पहिलोपटक जीवनमा सोमबार दिउँसो प्याराग्लाइडिङ गरेको अनुभव उहाँले शब्दमा व्यक्त गर्न सकिरहनुभएको थिएन।

शारीरिकरूपमा दृष्टिविहीन सुनिता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा टेलिफोन ‘अपरेटर’को काम गर्नुहुन्छ। ‘ब्लाइन्ड रक’ संस्थाको सदस्यसमेत रहनुभएकी उहाँ प्याराग्लाइडिङको अनुभवका लागि आइतबार दिउँसो पोखरा आउनुभएको थियो ।

पोखरा आएसँगै उहाँमा प्याराग्लाइडिङ गर्न मौसमले साथ देला कि नदेला भन्ने चिन्ता थियो । जब बिहान उहाँ ‘टेकअफ’का लागि मान्द्रेढुङ्गा पुग्नुभयो, उहाँले त्यसपछि आफ्नो खुसी थाम्न सक्नुभएन । “प्याराग्लाइडिङमा उड्ने पहिलादेखिकै योजना थियो । कहिले उड्न पाइएला भन्ने लागेको थियो । जाने बेला सहज हुन्छ कि भन्न भनेर मनमा लागिरहेको थियो”, उहाँले भन्नुभयो, “उडेर हावाको प्रेसरले माथि माथि जाँदा, दिशा परिवर्तन भएको अनुभव गर्न पाइयो । एकदमै रमाइलो लाग्यो ।”

पोखराको आकाशमा सुनिताजस्तै सोमबार दुई विदेशीसहित १० दृष्टिविहीनले हावामा कावा खाँदै प्याराग्लाइडिङ गर्नुभयो । साहसिक खेल प्याराग्लाइडिङ गर्न जो-कोही तत्कालै तयार हुँदैनन् । यसका लागि साहस चाहिन्छ, तर शारीरिकरूपमा फरक क्षमता भएका दृष्टिविहीनले समेत साहसिक खेलकुदको मज्जा लिए । दृष्टिविहीनलाई प्याराग्लाइडिङको अवसर भने ‘ब्लाइन्ड रक्स’ संस्थाले मिलाएको थियो । प्याराइलाइडिङ गर्नेहरु एक-दुई जनाबाहेक सबैको पहिलो अनुभव थियो ।

बाग्लुङकी चाँदनी शर्मा पोखराको पृथ्वीनारायण क्याम्पसमा अध्ययन गर्नुहुन्छ । उहाँ समेत प्याराग्लाइडिङ गरेपछि उत्साहित हुनुहुन्थ्यो । उहाँले कहिल्यै पनि हावामा कावा खाँदै रमाउने कल्पनासमेत गर्नुभएको थिएन । उहाँको भन्नुभयो, “आकाशमा उड्ने कहिल्यै कल्पनासमेत गरेकी थिइनँ, नयाँ अनुभव हासिल भयो, मनमा खुसीको सीमा नै छैन ।”

चाँदनीले दृष्टीविहीनलाई प्याराग्लाइडिङ गराउने भन्ने केही दिनदेखि नै थाहा पाउनुभएको थियो । तर आफूले पाउँछु कि पाउँदिन भन्ने उहाँलाई थाहा थिएन । अघिल्लो दिनमात्र गर्न पाउने भन्ने उहाँले जानकारी पाउनुभयो । उहाँले भन्नुभयो, “मैले गर्ने भनेर सृष्टि दिदीबाट अघिल्लो दिनमात्र थाहा भयो । आकाशमा उड्ने भनेपछि कस्तो हुने, आकाशमा कस्तो हुन्छ होला भन्ने थियो । तर उडिसकेपछि सबै अनुभव गर्न पाइयो ।”



ब्लाइन्ड रक संस्थाका संस्थापक अध्यक्ष सृष्टि केसीको प्याराग्लाइडिङको दोस्रो अनुभव थियो । उहाँले नै यस कार्यको अग्रसरता लिनुभयो र आफ्ना साथीहरूलाई अवसर प्रदान गर्नुभएको थियो । सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छेक्दैन भन्ने सन्देश प्रवाह गर्न ‘इन्क्लुसिभ प्याराग्लाइडिङ’ गराइएको केसीले बताउनुभयो ।

उहाँले भन्नुभयो, “यो समावेशी पर्यटन प्रवर्द्धन हो । यसबाट सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छैक्दन भन्ने सन्देश दिएको छ । जीवनमा उचाइमा पुग्न सफलता प्राप्त गर्न दृष्टिविहीनतामा सीमित हुन जरुरी छैन । त्यो भन्दा माथि उठ्न सक्छौँ, उड्न सक्छौँ ।”

उहाँको प्याराग्लाइडिङको अनुभवन पनि रोमाञ्चक छ । बादलभित्र हराउँदाको खुसी उहाँले शब्दमा व्यक्त गर्न सक्नुहुँदैन । उहाँले भन्नुभयो, “मेरो पाइलटले बादल छुहाउन लैजानुभयो । बादलमाथि पुग्ने उचाइमा पुग्ने सपना पूरा भएको छ, म बादललाई स्पर्श गरिरहेकी थिएँ । बादलभित्र हराउँदाको खुसीले मनमा छुट्टै उत्साह र ऊर्जा मिल्यो । जीवनमा सपना देख्न आँखा होइन, हिम्मत र आत्मबल चाहिन्छ र त्यो कहिल्यै पनि अपाङ्गता हुँदैन ।”

प्याराग्लाइडिङ पाइलट राम गौतम दृष्टिविहीनलाई उडाएको आफ्नो पहिलो अनुभव रहेको बताउनुभयो । अन्य सामान्य नागरिकले आफैँले देखेर आनन्दित हुने खुसीमा रमाउने गरे पनि दृष्टिविहीनलाई पाइलटले वर्णन गरिदिँदा उहाँहरूमा समेत अन्य नागरिकसरह उत्साहित भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सामान्य नागरिक उडान भर्दा हिमाल, ताल, डाँडाकाँडा देखेर रमाउनुहुन्छ । दृष्टिविहीनलाई हामीले तपाईँ तालमाथि हुनुहुन्छ, बादलभित्र हुनुहुन्छ भनेर वर्णन गर्छौं, यसो भन्दा उहाँहरूसमेत उत्साहित हुनुहुन्छ ।” रासस

# सधैँ मागेर निर्वाह हुँदैन: पाकिस्तानी सेना प्रमुख

**एएनआई**

इस्लामावाद । पाकिस्तानी सेना प्रमुख सैयद असिम मुनीरले चरम आर्थिक सङ्कट झेलिरहेको आफ्नो मुलुक आत्मनिर्भर बन्न अतिआवश्यक भएको बताउनुभएको छ । साथै उहाँले सधै मागेर निर्वाह नहुने बताउनुभएको छ ।



पाकिस्तानको सर्वकालीन मित्र चीनबाट अर्को ऋण प्राप्त हुन लागेका बेला सैन्य प्रमुख मुनीरको यो भनाई सार्वजनिक भएको हो । पाकिस्तानले हालै अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)बाट पनि केही ऋण प्राप्तिको सुनिश्चितता गरेको छ ।

सोमबार खानीवाल मोडल कृषि फार्मको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पाकिस्तानका सेना प्रमुख मुनिरले पाकिस्तानीहरू देशको गर्व, जोश र जाँगर भएका प्रतिभाशाली नागरिकको देश हो अब हामीले ‘भिखारीको कचौरा फालेर’ आत्मनिर्भर हुनैपर्छ भन्नुभयो । सहयोग मागेरमात्र निर्वाह नहुनेमा जोड दिँदै उहाँले भिक्षा माग्ने कचौरा फाल्नुपर्ने बताउनुभएको हो ।

सुरक्षा र अर्थतन्त्र एकअर्कासँग गाँसिएका र अपरिहार्य रहेका उल्लेख गर्दै उहाँले ईश्वरको आशीर्वाद पाएको पाकिस्तानलाई संसारको कुनै पनि शक्तिले प्रगति गर्नबाट रोक्न नसक्ने बताउनुभयो । साना किसान लाभान्वित हुने गरी हरित क्रान्तिसँगै कृषि क्रान्ति अपरिहार्य भएको उहाँको कथन थियो ।

पाकिस्तानी प्रधानमन्त्री शेहबाज शरीफले हालै दिनुभएको जानकारीअनुसार चीनबाट पाकिस्तानले ६० अर्ब अमेरिकी डलर अतिरिक्त ऋण प्राप्त गर्दैछ । आईएमएफबाट पनि पर्याप्त रकम ऋणस्वरुप प्राप्त हुँदैछ । नौ महिनामा सुधारका समग्र कार्यक्रम कार्यान्वयन गर्नुपर्ने शर्तका साथ तीन अर्ब अमेरिकी डलरको प्याकेज उक्त वित्तीय संस्थाबाट प्राप्त हुँदैछ ।

यो वर्षको जुलाईसम्ममा पाकिस्तान सरकारको ऋण २ अर्ब ४४ करोड अमेरिकी डलर पुगेको छभने चीनसँगको २.०७ अर्ब अमेरिकी डलर छ ।

# शरणार्थी शिविरमा झडप, एघार जनाको मृत्यु

**एएनआई**

बेरुत। दक्षिणी लेबनानमा रहेको प्यालेस्टिनी शरणार्थी शिविरमा सोमबार लगातार तेस्रो दिन पनि झडप भएको छ । प्रतिद्वन्द्वी गुटहरूबीच भएको हिंसात्मक झडपमा ११ जनाको मृत्यु भएको छ ।

लेबनानको सरकारी सञ्चारमाध्यमका अनुसार देशको सबैभन्दा ठूलो प्यालेस्टिनी शरणार्थी शिविर इन अल-हिल्वेहमा एउटा प्यालेस्टिनी गिरोह जन्द अल-शाम सङ्गठनले शनिबार फताह गुटका एक जना वरिष्ठ सदस्य र उनका चार अङ्गरक्षकको हत्या गरेको छ ।



जन्द अल-शाम र फताह नामक इस्लामवादी सङ्गठनबीचको द्वन्द्वले आइन अल-हिल्वेहमा तनाव बढेको शिविर नजिकैको एक निजी अस्पतालका प्रशासक रियाद अबो एलेइनले बताएका छन् । शिविर भित्रबाट गोलाबारीको आवाज आएन बन्द भएको छैन ।

प्यालेस्टाइनको राष्ट्रिय एकतातर्फ अघि बढ्ने प्रयासमा फताह र हमास जस्ता प्यालेस्टाइनका विरोधी सङ्गठनहरू इजिप्टमा मेलमिलाप वार्ताका लागि भेला भए पनि गाजा क्षेत्रमा शासन गर्ने इस्लामवादी सङ्गठन हमासले सन २००७ मा प्यालेस्टिनी प्राधिकरणबाट तटीय क्षेत्र कब्जा गरेदेखि हिंसात्मक झडप रोकिएका छैनन् ।

सन् २०१७ मा प्रतिद्वन्द्वी गुटहरूबीचको द्वन्द्व रोक्न धेरै प्रयास भए पनि फताह र इस्लामवादी समूहहरू बीच धेरै महिनादेखि निरन्तर लडाइँ भयोभने त्यसमा परी २० जनाले ज्यान गुमाउनका साथै दर्जनौ घाइते भएका थिए । प्यालेष्टिनी समूहले नै शिविरको सुरक्षा गर्ने भएकाले त्यहाँ लेवनानका सुरक्षाकर्मीको कुनै भूमिका हुँदैन ।



फलफूल तथा तरकारी बजारमा कटहर खरिद गर्दै सर्वसाधारण। यहाँ कटहर प्रती केजि पचास रुपैयामा बिक्री हुने गरेको छ। *तस्बिर : रासस*

# एक्काइस प्रतिशतले निकासी घट्यो

काठमाण्डु। सरकारले निर्यात प्रवर्द्धनका लागि सहजीकरण गरिरहेको भए पनि निर्यात लगातार घट्दो छ। आर्थिक वर्ष २०७९/८० मा नेपालको कूल निकासीमा २१ दशमवल चार प्रतिशतले ह्रास आएको छ। गत आवमा रु एक खर्ब ५७ अर्बको वस्तु निकासी भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मंगलबारको बैठकमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनीले कूल पैठारीमा १६ दशमवल एक प्रतिशतले ह्रास आएको जानकारी दिनुभयो। गत आवमा रु १६ खर्ब ११ अर्बको वस्तु आयात भएको थियो। गत आवमा नेपालको कूल वैदेशिक व्यापारमा पनि गिरावट आएको छ। सो आवमा कूल रु १७ खर्ब ८६ अर्बको वैदेशिक व्यापार भएको छ। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६ दशमलव ६ प्रतिशतले कमी हो।

"गत आवको प्रारम्भिक तथ्याङ्कअनुसार कूल व्यापारमा आठ दशमलव नौ प्रतिशत निकासी र ९१ प्रतिशत पैठारीको योगदान छ", उहाँले भन्नुभयो, "समीक्षा अवधिमा नेपालको कूल निकासी २१ दशमलव चार प्रतिशतले ह्रास आएको छ।"

> "गत आवको प्रारम्भिक तथ्याङ्कअनुसार कूल व्यापारमा आठ दशमलव नौ प्रतिशत निकासी र ९१ प्रतिशत पैठारीको योगदान छ, उहाँले भन्नुभयो, „समीक्षा अवधिमा नेपालको कूल निकासी २१ दशमलव चार प्रतिशतले ह्रास आएको छ।"

आव २०७८/७९ मा निकारी पैठारी व्यापारको अनुपात १:९.६ रहेकामा गत आवमा सो अनुपात १:१० पुगेको सचिव मरासिनीले जानकारी दिनुभयो। उहाँले व्यापार सन्तुलनका लागि व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ र नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयनका लागि सरोकारवाला निकायका सचिवसँग छलफल गरिएको बताउनुभयो। उद्योगमन्त्रीको अध्यक्षतामा बोर्ड अफ ट्रेडको बैठक सम्पन्न भई नेपालको निर्यात व्यापार प्रवर्द्धनका सम्बन्धमा महत्वपूर्ण निर्णय भएको उहाँले जानकारी दिनुभयो। रासस

# विश्व बैंकले सहयोगलाई निरन्तरता दिने

काठमाण्डु। नेपालको स्वास्थ्य प्रणालीको सुधारका लागि विश्व बैंकले आफ्नो सहयोगलाई निरन्तरता दिने भएको छ। विश्व बैंकका देशीय निर्देशक फारिस हादाद जेरभोस FARIS HANDAD-ZEROVOS ले मंगलबार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतसँग भेटवार्ता गरी उक्त प्रतिबद्धता जनाउनुभएको हो।

सो अवसरमा स्वास्थ्यमन्त्री बस्नेतले नेपालको स्वास्थ्यलगायत क्षेत्रमा विश्व बैंकले गरिरहेको विभिन्न सहयोगको सराहना गर्दै आगामी दिनमा थप आर्थिक तथा प्राविधिक सहयोग गर्न आग्रह गर्नुभयो। विश्व बैंकका देशीय निर्देशक जेरभोसले स्वास्थ्य क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेकामा आगामी पाँच वर्षका लागि स्वास्थ्य क्षेत्रमा सहयोग गर्न एक सय मिलियन डलर ऋण सहायता तथा तीन दशमलव ८४ मिलियन ग्रान्ड दिने र उक्त विषय मन्त्रिपरिषद्बाट स्वीकृत गर्ने क्रममा रहेको जानकारी गराउनुभयो।

निर्देशक जेरभोसले नेपालको स्वास्थ्य प्रणाली सुधारका लागि विश्व बैंकले सहकार्य गर्न पाउँदा खुसी व्यक्त गर्दै कोभिड-१९ महामारीको बेलाजस्ते अन्य महामारी तथा स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि सहयोग निरन्तर जारी रहेने विश्वास व्यक्त गर्नुभयो।

विश्व बैंकले कोभिड-१९ महामारीका बेला पनि विभिन्न सहयोग गरेको थियो। विशेषगरी कोभिड-१९ विरुद्धको खोप अनुदानको रूपमा स्वास्थ्य मन्त्रालयलाई दिएको थियो। मन्त्री बस्नेतले कोभिड-१९ महामारीका बेला विश्व बैंकबाट प्राप्त सहयोग रकम केही बचेको र उक्त रकम स्वास्थ्य मन्त्रालयले नै खर्च गर्नेगरी आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। कोरोनाका बेला खर्च गर्न उपलब्ध भएको मध्ये बचेको रकम अर्थमन्त्रालयमा पठाइएको थियो। उक्त रकम स्वास्थ्यमन्त्रालयले नै खर्च गरोस् भन्ने विश्व बैंकको धारणा रहेको मन्त्री बस्नेतले जानकारी दिनुभयो।

"विश्व बैंकको पनि बचेको पैसा स्वास्थ्य मन्त्रालयले खर्च गरोस् भन्ने छ। यसबारे प्रक्रिया अगाडि बढाइएको छ", उहाँले भन्नुभयो। अहिले डेङ्गु लगायतका महामारी फैलनसक्ने सम्भावना रहेको र अन्य क्षेत्रमा पनि खर्च गर्नुपर्ने भएकाले उक्त रकम मन्त्रालयमै ल्याउन लागिएको मन्त्री बस्नेतको भनाइ छ। उहाँका अनुसार कोरोना महामारीको समयमा खर्च गर्नका लागि आएकोमध्ये बचेको रकम करिब रु एक अर्ब रहेको छ।

मन्त्रालयको बजेटको आकार घटेको छ। अहिले २० प्रतिशत बजेट कटौती भएको छ। सुर्तिजन्य पदार्थमा उठेको वार्षिक रु छ अर्बमध्ये रु ४० करोड मात्रै मन्त्रालयले पाएको मन्त्री बस्नेतले बताउनुभयो। उहाँले भन्नुभयो, "सूर्तीजन्य पदार्थको उठेको रकम पनि अर्थमन्त्रालयमा रहेको र अर्कोतर्फ कोरोनाका बेलामा खर्च गर्ने भनेर प्राप्त भएको पैसा पनि अर्थमै पुगेको छ। कर्मचारी अभावले दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी पुऱ्याउन नसकिरहेको अवस्थामा थप दरबन्दी सिर्जना गर्नका लागि सो रकम खर्चहोस् भन्ने हो।"

> "सूर्तीजन्य पदार्थको उठेको रकम पनि अर्थमन्त्रालयमा रहेको र अर्कोतर्फ कोरोनाका बेलामा खर्च गर्ने भनेर प्राप्त भएको पैसा पनि अर्थमै पुगेको छ। कर्मचारी अभावले दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी पुऱ्याउन नसकिरहेको अवस्थामा थप दरबन्दी सिर्जना गर्नका लागि सो रकम खर्चहोस् भन्ने हो"।

मन्त्री बस्नेतले स्वास्थ्य रणनीति र वित्त रणनीति पास भएर काम गर्ने वातावरण बनेको उल्लेख गर्दै यसमा जति पैसा हुनसक्छ सोही अनुसारको रणनीतिक कार्ययोजना अघि बढाइने उल्लेख गर्नुभयो। स्वास्थ्य मन्त्रालयले उक्त रकम खर्च गर्नका लागि अर्थमन्त्रालयमा आवश्यक प्रक्रिया अगाडि बढाएको र यो छिट्टै मन्त्रिपरिषद् बाट पारित हुने मन्त्रालयको विश्वास छ। रासस

# किसानलाई दुई बोरा मल ल्याउन दिन अर्थ समितिको निर्देशन

काठमाण्डु। अर्थ समितिले किसानलाई दुई बोरा रासायनिक मल ल्याउँदा भन्सार विन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउने अर्थमन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिएको छ। साथै सो जानकारी समितिलाई दिने समेत समितिले निर्देशन दिएको छ।

रासायनिक मलको माग तथा आपूर्ति व्यवस्थापन बारे अर्थ समितिमा गत असार २१ गते र हिजो छलफल भएको थियो।

"किसानको समस्यालाई मध्यनजर गरी गैर व्यापारिक निजी प्रयोजनका लागि दुई बोरा किसानले मल ल्याउँदा भन्सार बिन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउन अर्थ मन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिने र सोको जानकारी समितिलाई दिने" अर्थ समितिको निर्देशनमा भनिएको छ।

मुख्यगरी भारतबाट भन्सार छलेर अवैध रूपमा रासायनिक मल आउने गरेको, कालोबजारी हुने गरेको र यस्तो मलको गुणस्तरको प्रत्याभूमिसमेत नहुने समस्या देखिँदै आएको छ। किसानले भन्सार तिरेर आफै मल ल्याउँदा यस्तो समस्या नरहने समितिको बुझाइ छ। किसानले



हरेक वर्ष रासायनिक मल अभावको समस्या भोग्ने गरेकाले यसको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ।

मलको माग तथा आपूर्तिको तथ्याङ्क यकिन गर्न र वैकल्पिक व्यवस्थाका लागि जैविक मल प्रयोगका लागि राष्ट्रिय रणनीति तयार पार्न पनि समितिले निर्देशन दिएको छ। "मलको माग र आपूर्तिमा ठूलो फरक देखिएकाले यथार्थ तथ्याङ्क यकिन गरी माग र आपूर्तिबीच देखिएको फरकको पूर्ति गर्न अर्थमन्त्रालयसँग समन्वय गरी कार्ययोजना बनाइ लागू गर्न र समितिमा सो कार्ययोजना पेस गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ", समितिको निर्देशनमा भनिएको छ।

समितिले रासायनिक मलको विकल्पका रूपमा जैविक र प्राङ्गारिक मलको आपूर्ति, व्यवस्था र प्रयोग सम्बन्धमा अन्य निकायसँगको आवश्यक समन्वयमा राष्ट्रिय रणनीति तयार पारी कार्यान्वयन गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको हो।

सरकारी गोदाममा मल रहेपनि वितरणमा समस्या भइ किसानले मल नपाएको विषयबारे पनि अर्थ समितिका अघिल्ला बैठकमा छलफल भएको थियो। समितिले वितरण प्रणाली चुस्त बनाउनका लागि पनि रणनीति तयार पार्न सरकारलाई निर्देशन दिएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्थानीय निकायको संयोजन गरी किसानलाई आवश्यक मलको निश्चित परिमाण, मापन र मल आपूर्तिको भरपर्दो तथा पारदर्शी वितरण प्रणालीका सम्बन्धमा स्पष्ट रणनीति बनाई त्यसको जानकारी समितिलाई समितिले निर्देशन दिएको छ।

देशभित्रै रासायनिक मल कारखाना खोल्नेबारे हालसम्मका प्रगतिबारे समीक्षा गर्दै अघि बढिसकेका प्रक्रियाको काममा तीव्रता दिन पनि सरकारलाई समितिको निर्देशन छ। "रासायनिक मल कारखाना खोल्ने बारेमा 'अनसोलिसिटेड प्रपोजल' (आह्वान बिनै आएका प्रस्ताव) र अन्य विकल्पका बारेमा सम्भाव्यता अध्ययन गर्ने र अन्य कोही इच्छुक भए उद्योग स्थापना आह्वान गर्ने", निर्देशनमा भनिएको छ, "सरकार-सरकार (जीटुजी) मा रहेर अन्य कुनै मुलुकसँग द्विपक्षीय सम्झौताअनुसार मल आपूर्ति गर्न चाहान्छ भने स्पष्ट नीति बनाउनुपर्नेछ।"

मल कारखाना लागि सम्भाव्यता अध्ययन यथाशीघ्र सम्पन्न गर्न र कारखाना स्थापना गर्न इच्छुक स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रस्ताव आह्वान गर्न लगानी बोर्डलाई निर्देशन दिने निर्णय समितिले गरेको छ। रासस

# फर्पिङ जलविद्युत् केन्द्रलाई ऊर्जा सङ्ग्रहालय बनाइँदै, लागत एक अर्ब

काठमाण्डु। नेपालको पहिलो र एसियाको दोस्रो जलविद्युत् आयोजना फर्पिङ जलविद्युत् केन्द्रलाई उर्जा सङ्ग्रहालयका रूपमा विकास गरिने भएको छ।

नेपाल विद्युत् प्राधिकरणले पाँच सय किलोवाट जडित क्षमताको फर्पिङ जलविद्युत्लाई उर्जा सङ्ग्रहालय बनाउने भएको हो। यसका लागि प्राधिकरणले केन्द्रलाई पर्यटकीयस्थलका रूपमा विकास गर्न एनइए इञ्जिनियरिङ कम्पनीलाई परामर्शदाता नियुक्त गरी गुरुयोजना तयार गरिरहेको छ। ऐतिहासिक जलविद्यत् केन्द्रलाई पर्यटनसँग जोडेर पुराना संरचनाको जीर्णोद्धार र खाली रहेको जग्गामा नयाँ संरचना निर्माण गरिने प्राधिकरणको भनाइ छ।

काठमाडौँको दक्षिणकाली नगरपालिकास्थित केन्द्रको जलाशय र विद्युत्गृह क्षेत्रमा रहेको जग्गामा हरियाली पार्क, रेस्टुराँ, पसल, जीप लाइन, पिकनिक स्पट, पुस्तकालय, बालउद्यानलगायतका संरचना निर्माण गरिने छन्। जलविद्युत् केन्द्रका संरचनालाई जीर्णोद्वार गरी सङ्ग्रहालयको रूपमा विकास गर्ने योजना छ। परामर्शदाताले तयार पारेको गुरुयोजना कार्यान्वयनका लागि करिब रु एक अर्ब लाग्ने अनुमान गरिएको छ।

केन्द्रको स्वामित्वमा तीन सय २४ रोपनी जग्गा छ। पर्यटकीय संरचना निर्माणका लागि जलाशय क्षेत्रको ४६



रोपनी र विद्युत्गृह क्षेत्रको करिब एक सय ४६ रोपनी जग्गा प्रयोग गरिने छ।

प्राधिकरणको ३८औँ वार्षिकोत्सवमा फर्पिङ जलविद्युत् केन्द्रको परिसरमा सोमबार आयोजित वृक्षरोपण कार्यक्रममा सहभागी हुन पुग्नुभएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई गुरुयोजनाका विषयमा जानकारी दिइएको थियो। मन्त्री बस्नेत, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतले केन्द्रको विद्युतृगृहलगायतका संरचाको अवस्थाका बारेमा अवलोकन गर्नुभएको थियो।

मन्त्री बस्नेतले ऐतिहासिक महत्व बोकेको विद्युत् केन्द्रलाई संरक्षण गरी जलविद्युत् क्षेत्रका अध्येता, अनुसन्धानकर्ता तथा चासो राख्ने सबैलाई सन्दर्भस्थान र इतिहासलाई बुझ्ने बुझाउने ठाउँका रूपमा विकास गरिनु पर्ने बताउनुभयो। उहाँले केन्द्रबाट स्थानीय बासिन्दाको सामाजिक आर्थिक वृद्धि हुने गरी योजना तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनुपर्नेमा जोड दिनुभयो। ऊर्जा सचिव घिमिरेले केन्द्रलाई जलविद्युत् क्षेत्रको अध्ययनस्थल र त्यहाँ भएको प्राकृतिक सौन्दर्यलाई प्रयोग गर्दै सुन्दर पर्यटकीयस्थलको रूपमा विकास गरिनुपर्ने बताउनुभयो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले परामर्शदाताको प्रतिवेदन आएपछि केन्द्रलाई ऊर्जा सङ्ग्रहालय, अनुसन्धान केन्द्र र पर्यटकीयस्थलको रूपमा विकासका कार्य अगाडि बढाइने उल्लेख गर्नुभयो। फर्पिङ जलविद्युत् केन्द १९६८ जेठ ९ गतेबाट औपचारिक रूपमा सञ्चालनमा आएको थियो। तत्कालीन राजा पृथ्वीवीरविक्रम शाहबाट टुँडिखेलमा बत्ती बालेर उद्घाटन भएको उक्त जलविद्युत् केन्द्रबाट राजपरिवार, राणापरिवारलगायत विद्युत् वितरण गरिएको थियो।

राणा प्रधानमन्त्री चन्द्रशमशेरको शासनकालमा निर्माण भएकाले केन्द्रको नाम चन्द्रज्योति राखिएको थियो। करिब चार वर्षलगाएर निर्माण गरिएको आयोजनाको लागत रु सात लाख १३ हजार थियो। केन्द्र २०३८ सालसम्म निरन्तर सञ्चालनमा थियो। तर त्यसपछि ललितपुरका विभिन्न क्षेत्रमा खानेपानी आपूर्तिका लागि जलाशयको पानी, टर्बाइनमा प्रवेश नगराई प्रयोग गर्न थालेपछि विद्युतगृहको सञ्चालन बन्द भएको थियो। केन्द्रको मर्मतसम्भार गरी पुनः २०६३ पुसबाट आवश्यक पर्दा सञ्चालन गर्न सकिने गरी चालु हालतमा राखिएको छ। रासस

# पूर्वाधार विकासमा सहयोग गर्न महासङ्घ अध्यक्ष ढकालको वित्त निगमलाई आग्रह

काठमाण्डु। नेपाल उद्योग वाणिज्य महासङ्घले आर्थिक मन्दिको अवस्थाबाट अर्थतन्त्रको सुधारका साथै वित्तीय पहुँच वृद्धिका लागि सहयोग गर्न अन्तरर्ाष्ट्रिय वित्त निगमलाई आग्रह गरेको छ।

साना तथा मझौला उद्यमको विकास, पर्यटन जलविद्युत् लगायतका पूर्वाधार विकास एवम् लगानी प्रवर्द्धनमा निगमको साथ र सहयोग आवश्यक रहेको महासङ्घको भनाइ छ।

महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालसँग निगमका उपाध्यक्ष सुसन लनको मंगलबार भएको भेटमा उक्त आग्रह गरिएको हो। कोभिडपछिको तीव्र विस्तारको व्यवस्थापन गर्न नसक्दा मूलतः आफ्नै कारणले अहिले अर्थतन्त्रमा समस्या रहेको र निजी क्षेत्र सङ्कुचित हुँदा सरकार र सर्वसाधारण पनि मर्कामा परेको अध्यक्ष ढकालले बताउनुभयो।

निजी क्षेत्रले काम गर्न नपाउँदा राजस्व करिब १३ प्रतिशतले घटेको र चर्को मूल्यवृद्धिका कारण सर्वसाधारणको क्रियशक्ति पनि घटदै गएको उहाँको भनाइ छ। सो अवसरमा नेपालको तीन दिने भ्रमणमा रहनुभएकी उपाध्यक्ष लनले निजी क्षेत्रको प्रवर्द्धनका लागि महासङ्घसँग सहकार्य गर्न आफू तयार रहेको बताउनुभयो।



पछिल्लो समय निगमसँगको सहकार्यमा महासङ्घले अर्थतन्त्रमा निजी क्षेत्रको योगदान प्रतिवेदन र साना तथा मझौला उद्यमी सम्मेलन आयोजना गरेको थियो। महासङ्घले साना उद्यमीका लागि सुरु गर्न लागेको विकास केन्द्र र सीप विकास महत्वपूर्ण रहेको उपाध्यक्ष लनको भनाइ थियो। लनले निगममा आर्थिक सुधार, निजी क्षेत्र र लगानी प्रवर्द्धन लगायतका विषयको नेतृत्व गर्नुहुन्छ।

भेटका क्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले अधिकांश उद्योग न्यून क्षमतामा सञ्चालित रहेकाले बजार चलायमान बनाउन आवश्यक रहेको बताउनुभयो। महासङ्घका उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठले कर प्रणालीको सुधार र नेपालको तुलनात्मक लाभ भएका वस्तुको प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो।

महासङ्घ लगानी तथा अन्तर्राष्ट्रिय मामिला फोरमका सभापति मनोज पौडेलले लगानी विस्तारका बारेमा नीतिगत सुधार आवश्यक रहेको बताउनुभएको महासङ्घले जनाएको छ। रासस

# भ्रष्टाचार नगर्ने मन्त्री समिमको प्रतिवद्धता



टुडे समाचारदाता

राजविराज । मधेश प्रदेशका नवनियुक्त गृह सञ्चार तथा कानुन मन्त्री मो. समिमले आफूले प्राप्त गरेको जिम्मेवारी चुनौती र अवसर दुबै रहेको बताएका छन् ।

मंगलबार सप्तरीको राजविराजमा नेपाली कांग्रेस सप्तरीद्वारा आयोजित सम्मान कार्यक्रममा उनले सो कुरा बताएका छन् ।

'यो मन्त्रालय अन्य मन्त्रालयको तुलनामा धेरै संवेदनशील र महत्वपूर्ण हो, उनले भने, 'त्यसैले आफूले प्राप्त गरेको जिम्मेवारीचुनौतीर अवसरको रुपमा लिएको छु ।' आफूले एक रुपैयाँ पनि भ्रष्टाचार नगर्ने तथा अरुलाई पनि गर्न नदिने दाबीका साथ उनले यो मन्त्रालयबाट हुने सबै खालको गतिविधि र सेवा प्रवाह पारदर्शी र जनहितमा अघि बढ्ने प्रतिवद्धतासमेत व्यक्त गरे ।

सप्तरीको क्षेत्र नं. ३ को क बाट प्रदेशसभा सदस्यमा कांग्रेसबाट निर्वाचित उनले संगठन बलियो बनाउन कुनै गुट-उपगुटमा नलागि एक्तावद्ध भइ अघि बढ्न पार्टीका स्थानीय नेता कार्यकर्तालाई आग्रह समेत गरे ।

प्रदेश प्रहरी परिचालन मेरोलाई आफ्नो विशेष प्राथमिकतामा रहने बताउँदै उनले संघीय सरकारको कानुनसँग नबाझिने गरी कानुन निर्माण र संशोधन गरी प्रदेश सरकारले आफ्नै प्रहरी परिचालन गर्ने जानकारी दिए ।

प्रदेशको विकासका सम्भावनाहरुलाई अध्ययन गरी जनताका आवश्यकता अनुसार प्रदेशको शासनसत्ता संचालन गर्न कानुन निर्माण गर्ने उनको भनाइ थियो ।

सम्मान कार्यक्रममा सप्तरीका कांग्रेस सभापति रामदेव साह, सचिव सनत मण्डललगायतले शुभकामना दिंदै पार्टीबाट प्रतिनिधित्व गरेका मधेश प्रदेशका मन्त्रीहरुले जनहितमा नयाँ नयाँ नीति र कार्यक्रम ल्याउने विश्वास व्यक्त गरेका थिए ।

# व्यापार क्षेत्रका समस्या समाधान गर्न मन्त्री रिजाललाई सुझावपत्र

टुडे समाचारदाता

वीरगञ्ज । नेपाल उद्योग वाणिज्य महासंघले व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई ३४ बुँदे सुझाव दिएको छ ।

महासंघ अन्तर्गतको व्यापार समितिका सभापति डा.सुवोध कुमार गुप्ता नेतृत्वको टोलीले मंगलबार मन्त्री रिजाललाई ३४ बुँदे सुझावपत्र बुझाएको छ ।

आयात निर्यात गर्दा लेबलिङ्ग गर्नुपर्ने बाध्यकारी नियमलाई स्थगन गर्न उक्त समितिले माग गरेको छ । व्यवसायीहरु बीच अन्योल तथा असहज अवस्था सृजना भएको र यसबाट समग्र अन्तर्राष्ट्रिय व्यापार प्रभावित हुने भएकाले हाललाई स्थगन गर्नुका साथै कार्यविधि बनाएर क्रमशः कार्यान्वयन गर्न सुझाव दिइएको व्यापार समितिका अध्यक्ष डा.गुप्ताले जानकारी दिए ।

यस्तै,समयसमयमा जिल्ला अनुगमन समितिबाट हुने अनुगमन टोलीमा खटाइने कर्मचारीहरु अनुगमनका प्रक्रिया बुझेको तथा अनुगमन गरिने बस्तु वा सेवा बारे दक्ष एवम् अनुभवी हुनुपर्ने सुझाव पनि दिइएको महासंघका केन्द्रीय कार्यकारिणी सदस्यसमेत रहेका डा.गुप्ताले बताए ।



संघीय, प्रदेश र स्थानीय सरकारले ढुवानीमा लगाउने विभिन्न कर तथा दस्तुरलाई अन्त्य गर्नुपर्ने, बैंक तथा ब्याजदर क्रमशः कम गर्दै व्याजदर स्थायित्वका लागि उपलब्ध उपकरण प्रयोग गर्नुपर्ने, विभागबाट हुने अनुगमन तथा नियमनसँगै सरकार र व्यवसायी बीचको मध्यस्थताको भूमिका निर्वाह गर्नुपर्ने, व्यवसाय नवीकरण सीमा अवधि बढाउनुपर्नेलगायतका मागहरु सुझावपत्रमा समावेश गरिएको छ ।

नापतौललाई स्थानीय स्तरबाटै प्रमाणीकरण गर्ने व्यवस्था हुनुपर्ने, नाप यन्त्र खरिद गरेको विजक जारी भएको मितिले ३० दिनभित्र नवीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्थालाई संशोधन गरी कारोवार शुरु अगावै दर्ता प्रमाणीकरण गर्ने व्यवस्था गर्नुपर्ने मागहरु पनि राखिएको डा.गुप्ताले बताए ।

डा.गुप्ताकाअनुसार एकद्वार प्रणालीमार्फत उद्योग व्यवसायलाई सेवा दिनुपर्ने, भन्सारबाट हुने चोरी निकासीको नियन्त्रणका लागि बोर्डर सेक्यूरिटीलाई डिजिटल सेक्युरिटीमा लानुपर्ने, उधारो कारोबारलाई सहजीकरण एवम् नियन्त्रण गर्न क्रेडिट एक्ट ल्याउनुपर्ने, कालोबजार ऐनको समय सापेक्ष संशोधन गर्नुपर्ने जस्ता मागहरुको सम्बोधन भएमा व्यवसायीका धेरै समस्याहरु हल हुने र राज्यको राजस्व पनि वृद्धि हुने डा.गुप्ताको विश्वास छ ।

# स्थानीय र प्रहरीबीच भीडन्त दुई प्रहरी घाइते

टुडे समाचारदाता

कलैया । बाराको जितपुर सिमरा-१६ टाङीयाबस्तीमा स्थानीय र प्रहरीबीच भीडन्त भएको छ ।

इलाका प्रहरी कार्यालय निजगढबाट मंगलबार बिहान ६ बजे हतियार रहेको आंशकामा छापामारी गरी पक्राउ गरेका ३५ वर्षीय सागर लामालाई प्रहरी कार्यालयतर्फ लैजान नदिन दोहोरो भीडन्त भएको छ ।

करीब तीन सयको संख्यामा आएका स्थानीयले १५ जनाको संख्यामा रहेका प्रहरीटोलीमाथि ढुंगा मुढा गरी हतियारसहित पक्राउ परेका लामालाई हतकडीसहित उम्काएका छन् ।

दोहोरो भीडन्तमा प्रहरीतर्फ प्रहरी वरिष्ठ नायव निरीक्षक कलम बहादुर शाही र प्रहरी सहायक निरीक्षक बालराज गिरी घाइते भएका छन् । शाहीको बाँया हातमा चोट लागेर घाइते बनेका छन् भने गिरीको बाँया कुम्भ र बाँया हातमा चोट लागेर घाइते भएका छन् ।

स्थानीय प्रहरी विरुद्ध खनिएपछि प्रहरीले पाँच राउण्ड हवाइ फायरसमेत गरेको थियो । ठूला



हतियार रहेको सूचनाको आधारमा निजको घरमा छापा मार्नको लागि प्रहरी निरीक्षक घनश्याम श्रेष्ठको नेतृत्वमा १५ जनाको टोली लामाको घरमा बिहानै पुगेको थियो ।

छापामारीपछि लोड भएको भरुवा बन्दुकसहित पक्राउ परेका लामालाई वडा सदस्यको रोहबरमा मुचुल्का बनाएर लैजाने क्रममा जंगल छेउ बाटोमा दोहोरो भीडन्त भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताए ।

उक्त स्थान प्रहरीले लोड गरेको भरुवा बन्दुक एक थान, बन्दुकको गोली २ वटा, बाघको दाँत जस्तो देखिने २ वटा, रौं १३ ओटा र नग्रा ३ वटा बरामद गरेको बोगटीले जानकारी दिए । लामा बन्यजन्तुको शिकारीमा संलग्न रहेको जनाउँदै खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# स्कूलमा कुटिए बालक

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका स्थित न्यू होराइजन इङ्गलिश बोर्डिङ्ग स्कूलमा एक ६ वर्षीय बालक निर्घात कुटिएका छन् ।

धनुषाको मिथिला नगरपालिका बेङ्गाडाबरस्थित स्कूलमा बालकले चकचक गरेको भन्दै स्कूलका शिक्षकले कुटपिट गरेका छन् ।

शिक्षकको कुटाइबाट बालकको पिठ्यू, हात तथा घाँटीमा चोट लागेको छ ।

मिथिला नगरपालिका ढल्केवर बजार स्थायी घर भइ न्यू होराइजन इङ्गलिश बोर्डिङ्ग स्कूलको कक्षा १ मा पढ्दै गरेका सुजल कुशवाहालाई शिक्षकले निर्घात कुटपिट गरेका छन् ।

सोमबार विहान करीब ९ बजेको समयमा स्कूलमा बच्चाहरुले चकचक गरेको भन्दै शिक्षक मोहन महतोले निर्घात कुटेको अभिभावक ओम विक्रम कुशवाहाले जानकारी दिए ।

अभिभावक कुशवाहाले भने,'अझै चकचक गर्छस, किन चकचक गरेको, अझै बदमासी गर्छस । बदमासी गरिस भने यसरी नै पिटाइ खान्छस' भन्दै शिक्षक महतोले लाठीले हिर्काएका थिए ।

यसरी कलिला बालबालिकाहरुलाई हिर्काउनु शैक्षिक मर्यादा विपरीत भएको कुशवाहाको भनाइ छ ।

'यसरी स-साना अवोध बालकहरूलाई मरनासन्न हुने गरी कुट्ने हो, यति सानो बच्चालाई यसरी कुट्यो भने अकी दिन स्कूल कसरी पठाउनु' कुशवाहाले ६ वर्षीय अवोध बालक कुट्नेलाई कारबाहीको माग गर्दै भने, 'स्कूलमा बच्चाले चकचक गर्यो भन्दै कुट्न पाइन्छ ? स्कूलमा हामी बच्चालाई केही सिक्न पठाउँछौ अनि हाम्रो बच्चालाई यसरी पिटेर पठाउने कहाँको न्याय हो ?'

# अवैध संरचना हटाउने अभियान सुरु



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको मुख्य बजार क्षेत्र महेन्द्रनगरमा अवैध संरचना हटाउने अभियान मंगलबारदेखि सुरु गरिएको छ ।

क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरलाई सफा, सुन्दर, व्यवस्थित र विकसित बनाउने नगरपालिकाको अभियान अन्तर्गत बजार क्षेत्रमा निर्माण गरिएका अवैध संरचना हटाउन सुरु गरिएको मेयर सुखदेव यादवले बताए ।

उनले नगरवासीले फुटपाथ हटाउने अभियानलाई साथ र सहयोग गरेर व्यवस्थित शहर बनाउने अभियानमा प्रेरणा थप्ने विश्वास व्यक्त गरे।

नगरपालिकाले १५ दिने सूचना जारी गरेकोमा व्यापारीले अटेर गरेपछि बल प्रयोग गरेर संरचना हटाउन थालिएको छ ।

नगरपालिकाले बजार क्षेत्रभित्र सौन्दर्यकरण, दुर्घटना न्यूनीकरण तथा फुटपाथ नियन्त्रणका लागि भन्दै सार्वजनिक सूचना जारी गरेको थियो । सार्वजनिक सूचना जारी र पटक/पटक माइकिङ गर्दा पनि व्यापारीले अटेर गरेपछि बाध्य भएर अभियान सञ्चालन गर्नुपरेको नगरपालिकाको दाबी छ।

अभियान अन्तर्गत छ लेन सडकको फुटपाथमा पसलमा निर्माण गरेका अवैध संरचना हटाइएको छ । अभियानलाई हरेक दिन सञ्चालन गरिने नगरपालिकाले जनाएको छ ।

# प्रहरी ज्यादतीको निरन्तरता



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा श्रृंखलाबद्ध रूपमा भइरहेको प्रहरी ज्यादतीका घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको इन्सेकले जनाएको छ ।

साउन १५ गते दिउँसो मात्रै पनि मानव अधिकार ज्यादती पीडितको सहायताका लागि जिल्ला प्रहरी कार्यालय, सप्तरी पुगेका इन्सेकका जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलमाथि असइ राजेश्वर महतोले कार्यालय परिसरमा कुटपिट गरेको घटनाले प्रहरी ज्यादतीको निरन्तरता झल्कन्छ ।

लहान,सिरहाबाट उजुरी दर्ता गराउन राजविराज पुगेका स्थानीयलाई सहयोग गर्न राजविराज स्थित जिल्ला प्रहरी कार्यालय गएका बेला पोखरेललाई असइ महतोले कुटपिट गरेको पीडितले बताएका छन् ।

आँखा र संवेदनशील अङ्गमा चोट लागेर घाइते भएका पोखरेलको उपचार गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भइरहेको छ ।

इन्सेकका अध्यक्ष कुन्दन अर्यालद्वारा जारी विज्ञप्तिमा मानव अधिकारको परिपालना गर्दै शान्ति सुरक्षा बहाल गर्ने दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवार निकाय प्रहरी कार्यालय परिसरभित्र मानव अधिकार रक्षक र पत्रकारमाथि गुण्डागर्दीको शैलीमा बल प्रयोग गर्ने प्रहरी उपर कारबाही अघि बढाएर मानव अधिकारप्रतिको प्रतिवद्धता कायम रख्न हामी सरकार समक्ष जोडदार माग गरिएको छ ।

यसैबीच, पोखरेलमाथि दुर्व्यवहार गर्दै कुटपिट गर्ने प्रहरी सहायक निरीक्षक राजेश्वर महतोमाथि कारबाही प्रक्रिया थालिएको छ ।

असइ महतोलाई प्रहरी नियमावली २०७१ संशोधनसहित वमोजिम निलम्बनको लागि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरमा सिफारिस गरी पठाइएको सप्तरीका प्रहरी प्रमुख एसपी नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।

कुटपिटबाट घाइते भएका पत्रकार पोखरेल उपचारपछि मंगलबार डिस्चार्ज भएको महासंघ सप्तरीका सचिव आरएन विश्वासले जानकारी दिए ।

# पानी वितरण

टुडे समाचारदाता

वीरगञ्ज । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय




बाराले वीरगञ्जमा पानी वितरण गर्न थालेको छ। मधेश प्रदेश सरकारको उर्जा सिँचाइ तथा खानेपानी मन्त्री सिंगासन सा कलवारको निर्देशनमा कार्यालयले वीरगञ्जका विभिन्न ८ स्थानमा ट्यांकरमार्फत पानी वितरण गर्न थालेको छ । यस्तै,वीरगञ्जका विभिन्न १२ स्थानमा २ हजार लिटरको ट्यांकीमार्फत पानी वितरण भइरहेको कार्यालय प्रमुख किशोरी प्रसाद यादवले बताए ।

हालमा वीरगञ्जको राधेमाई, श्रीपुर, रानीघाट, पानीट्यांकी, लक्ष्मणुवा, डिभाइन क्लोनी, विर्ता बजार, गणेशमान चोक, नापी शाखा छपकैयालगायतका स्थानमा ट्यांकीबाट पानी वितरण भइरहेको छ ।

अझै आवश्यकताको आधारमा थप स्थानमा ट्यांकीबाट पानी वितरण गर्ने तयारी भइरहेको मन्त्रीका सचिवालयले जनाएको छ ।

# बैद्य-प्रकाश मानव अधिकार पुरस्कारबाट भन्साली सम्मानित

टुडे समाचारदाता

राजविराज । ८ औं बैद्य-प्रकाश मानव अधिकार पुरस्कारबाट नागरिक समाज, सप्तरीका अध्यक्ष थानसिंह भन्साली सम्मानित भएका छन् ।

मंगलबार मानव अधिकार योद्धा प्रकाश काफ्लेको ३१ औं स्मृति दिवसमा राजविराजमा आयोजित कार्यक्रमकाबीच नागरिक समाज, सप्तरीका अध्यक्ष भन्सालीलाई सम्मान गरिएको छ ।

संस्थापक स्वतन्त्रता सेनानी वैद्यनाथ झाको अध्यक्षता तथा मानवअधिकार आयोगका सदस्य मिहिर ठाकुरको प्रमुख आतिथ्यमा




कार्यक्रमको आयोजना गरिएको थियो ।

सोही कार्यक्रममा स्वर्गिय उर्मिलादेवी झा मैथिली गीत गायन पुरस्कारबाट कंचन झालाई सम्मान गरिएको छ । दुबै जनालाई कार्यक्रमका प्रमुख अतिथी मानवअधिकार आयोगका सदस्य ठाकुरले पुरस्कार हस्तान्तरण गरेका छन् ।

# 'बालविवाहको रोकथाममा अभिभावकको मुख्य भूमिका'



टुडे समाचारदाता

लहान । मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले मधेश प्रदेशमा बालसंरक्षणको जटिल सवालको रुपमा रहेको बालविवाहको रोकथाम र अन्त्यका लागि अभिभावकहरुको मुख्य भूमिका रहने बताएका छन् ।

मधेश प्रदेशको शिक्षा तथा समाज कल्याण मन्त्रालयले मस्यौदा गरेको बालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधिमाथि सरोकारवालासंग सुझाव संकलन गर्ने क्रममा मंगलबार लहानमा आयोजित परामर्श कार्यक्रममा मन्त्री यादवले मधेश प्रदेशको समग्र शैक्षिक अवस्था नसुधारेसम्म यस्ता सवालहरु रही रहने बताए ।

संस्कारयुक्त, व्यवहारिक र नैतिक शिक्षाको वर्तमान नाजुक अवस्थाप्रति गम्भीर हुनुपर्ने र सामाजिक व्यवहार परिवर्तनको शुरुवात प्रत्येक व्यक्तिले आफैंबाट गर्नुपर्ने बताउँदै बालबालिकाको अधिकार संरक्षणका लागि स्थानीय सरकारको प्रयासमा प्रदेश सरकारको सधैं सहयोग रहने उनले बताए ।

कार्यक्रममा मन्त्री यादव तथा उपस्थित स्थानीय सरकारका प्रमुखहरुद्वारा संयुक्त रुपमा मधेश प्रदेशको बालविवाह विरुद्धको १० वर्षे रणनीतिक योजना सार्वजनिकसमेत गरिएको थियो ।

शिक्षा तथा सामाजिक विकास मन्त्रालयको आयोजना तथा विकासका साझेदार संस्थाहरु सेभ द चिल्ड्रेन, वर्ल्ड भिजन इन्टरनेशनल र R-CEFM परियोजनाको सहयोगमा भएको कार्यक्रम शिक्षा तथा समाज कल्याण मन्त्रालयका समाज कल्याण महाशाखा प्रमुख देवकुमारी खत्री , राजीव बञ्जारा र सेभ द चिल्ड्रेनका रचना थापाले बालविवाहका विविध पक्षबारे प्रकाश पारेका थिए ।